मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com




● वर्ष ३ ● अंक १४३ ● २०८१ साल चैत्र २४ गते आइतबार ● Sunday 06, April 2025 ● सूर्योदय: बिहान ५:५३ बजे ● सूर्यास्त: साँझ ६:२३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## २५ लाख मधेशी जनता मोबाइल तथा इन्टरनेट बैंकिङ प्रयोग गर्छन्




**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा आर्थिक कारोबारको संख्यामा वृद्धि भइरहेको अवस्थामा मोबाइल तथा इन्टरनेट बैँकिङ्ग प्रयोगकर्ताको संख्या ८०.४८ प्रतिशतले वृद्धि भएको छ । पहिला चेकबाट कारोबार बढी हुने गरे पनि अहिले इन्टरनेटका माध्यमबाट कारोबारमा वृद्धि भइरहेको छ । बँैकिङ क्षेत्रले समेत आफ्नो सेवा विस्तार गरिरहेकाले सर्वसाधारणको बैंकिङ क्षेत्रमा सहज पहुँच हुन थालेपछि इन्टरनेट बैंकिङ प्रयोगकर्ताको संख्यामा वृद्धि भएको हो ।

नेपाल राष्ट्र बैँकले सार्वजनिक गरेको प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन २०८०–८१ अनुसार मधेश प्रदेशमा मोबाइल तथा इन्टरनेट बैँकिङ्गको प्रयोगकर्ताको संख्या २५ लाख ९ हजार १ सय ८७ पुगेको छ ।

आव २०७९–८० मा भने यो संख्या १३ लाख ९० हजार २ सय ८५ थियो । प्रतिवेदनअनुसार मधेश प्रदेशको धनुषामा सबैभन्दा बढी मोबाइल तथा इन्टरनेट बैंकिङको प्रयोगकर्ता छन् । धनुषामा ४ लाख १२ हजार ६ सय ४६, सिरहामा ३ लाख ६९ हजार ६ सय ८५, पर्सामा ३ लाख ६५ हजार १ सय १७, सर्लाहीमा ३ लाख १६ हजार ६ सय ९३, बारामा ३ लाख ११ हजार ४ सय ८९, महोत्तरीमा २ लाख ५३ हजार ९ सय १, सप्तरीमा २ लाख ५१ हजार ७ सय २० र रौतहटमा २ लाख २७ हजार ९ सय ३६ मोबाइल तथा इन्टरनेट बैंकिङ प्रयोगकर्ता छन् ।

राष्ट्र बैँकको प्रतिवेदनअनुसार यस अवधिमा प्रदेशको विभिन्न स्थानीय तहमा बैँकको शाखा र एटिएमको संख्यामा समेत वृद्धि भएको हो । राष्ट्र बैँकको प्रतिवेदन अनुसार २०८१ असार मसान्तसम्ममा मधेशमा १ हजार ७ सय ५७ वटा बैँकको शाखा पुगेको छ भने एटिएमको संख्या ४ सय ८३ पुगेको छ । मधेश प्रदेशको विभिन्न जिल्लामा सञ्चालनमा रहेको शाखामध्ये वाणिज्य बैँकको ५ सय ८१, विकास बैँकको ८४, वित्त कम्पनीको ५१ र लघुवित्त वित्तीय संस्थाको १ हजार ४१ वटा शाखा छ ।

प्रतिवेदनअनुसार धनुषामा सबैभन्दा बढी बैँकको शाखा छ । धनुषामा विभिन्न बैँक तथा वित्तीय संस्थाको २ सय ५१ वटा शाखा छ । यस्तै, बारामा २ सय ४८, सर्लाहीमा २ सय ३९, सिरहामा २ सय ३१, महोत्तरीमा २ सय २०, पर्सामा १ सय ९६, सप्तरीमा १ सय ९४ र रौतहटमा १ सय ७८ वटा शाखा छ ।

यस्तै प्रतिवेदनअनुसार धनुषामै एटिएम मेशिनको संख्या सबैभन्दा बढी छ । धनुषामा ८४ वटा एटिएम मेशिन रहेको छ भने पर्सामा ८१, बारामा ७३, सिरहामा ६८, सर्लाहीमा ४६, महोत्तरीमा ४६, सप्तरीमा ४४ र रौतहटमा ४१ वटा एटिएम मेशिन छ ।

## चिकित्सक तथा स्वास्थ्यकर्मीलाई तलब दिन निर्देशन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले अस्पताल तथा स्थानीय तहअन्तर्गत कार्यरत छात्रवृत्ति करार सेवाका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले लामो समयदेखि नपाएको तलब सुविधा तुरुन्त भुक्तानी गर्न निर्देशन दिएका छन् ।

मुख्यमन्त्री सिंहले प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिँदै सङ्घ सरकारबाट आवश्यक बजेट प्राप्त भइसकेकाले प्रक्रिया पूरा गरी दुई–तीन दिनभित्र तलब वितरण सुनिश्चित गर्न निर्देशन दिएका हुन् । साथै, उनले भविष्यमा करारमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीलाई तलब भुक्तानीमा ढिलाइ हुन नदिन मन्त्रालयलाई विशेष सतर्कता अपनाउन भनेका छन् । मुख्यमन्त्रीको प्रतिबद्धताअनुसार करार स्वास्थ्यकर्मीको तलब समस्या समाधान हुने निश्चित भएकाले कार्यरत कर्मचारीलाई नियमितरूपमा सेवामा खटिन आग्रह गरिएको छ ।

नेपाल चिकित्सक सङ्घ, मधेश–प्रदेश समितिले करारमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीको समस्या समाधानका लागि गरेको पहलप्रति मुख्यमन्त्रीलाई धन्यवाद व्यक्त गरेको छ ।

## गहवामाईमा दोस्रो डोलीयात्रा



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित प्रसिद्ध शक्तिपीठ गहवामाई मन्दिरमा चैते दशैँको अवसरमा अष्टमीका दिन दोस्रो डोली यात्रा भएको छ । डोली यात्रा अत्यन्तै भव्य र श्रद्धामय वातावरणमा भएको हो ।

धार्मिक आस्था, परम्परा र भक्ति भावनाले भरिएको यात्रामा हजारौँ श्रद्धालु भक्तजनको उत्साहजनक सहभागिता थियो । गहवामाई मन्दिर व्यवस्थापन समितिको आयोजनामा भएको डोली यात्रामा स्थानीयदेखि बाहिरी क्षेत्रबाट आएका भक्तजनका लागि विशेष आकर्षण रहेको थियो । समितिका अध्यक्ष नरेन्द्र साहका अनुसार यात्राको तयारी विगत महिनादेखि नै शुरु गरिएको थियो र कार्यक्रम सफल बनेको हो । शनिबार दिउँसो २ बजे मन्दिर परिसरमा विशेष पूजा–आराधना गर्दै डोली र निशानलाई विधिपूर्वक यात्रा तय गरिएको थियो । अपराह्न ४ बजे औपचारिक रूपमा डोली यात्रा प्रारम्भ भएको थियो । डोली यात्रा वीरगंजको २ नम्बर रोड, बिर्ता मन्दिर, अलखीयामठ, महावीरस्थान हुँदै माईस्थान चोकको परिक्रमा गर्दै पुनः मन्दिर फर्किएको थियो । यात्राको मुख्य आकर्षण गहवामाई माताको तस्बिर अङ्कित निशान वितरण थियो, समितिले ३ सय ५० रुपैयाँ शुल्क तोकेको थियो । गतवर्ष ६ सय ५० वटा निशान वितरण भएको स्मरण गर्दै अध्यक्ष साहले यसपटक सहभागिता अझै बढेको र भक्तजनमा माताप्रतिको श्रद्धा गहिरिएको बताए ।

डोली यात्राक्रममा मन्दिर परिसर र यात्रा मार्गभर भक्तजनको घुँइचो लागेको थियो । भजन–कीर्तन, माताको जयकार र धार्मिक नृत्यले वातावरणलाई पूर्ण रूपमा भक्तिमय बनाएको थियो । अध्यक्ष साहले आगामी वर्षमा पनि यस्ता धार्मिक परम्परालाई निरन्तरता दिइने प्रतिबद्धता जनाए । महाआरती भने आइतबार हुने अध्यक्ष साहले बताए ।

यसैबीच यात्रामा सहभागी श्रद्धालुलाई नेपाल युवा उद्यम मञ्च (एनवाइइएफ) र राउन्ड टेबल नेपालले संयुक्तरूपमा जुस वितरण गरेको छ । यात्रालाई थप सहज र उत्साहजनक बनाउन एनवाइइएफ र राउन्ड टेबल नेपालले सहभागी भक्तजनका लागि जुस वितरण गरिएको एनवाइइएफका प्रथम उपाध्यक्ष विश्वास प्रताप साहले बताए ।

## उत्पीडित समुदायबाट नयाँ राजनीतिक ध्वनि

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली राजनीतिक परिदृश्यमा फेरि एकपटक उत्पीडित, बहिष्कृत र पछाडि पारिएका समुदायहरूका आवाजहरू संगठित रूपमा उठ्न थालेका छन् । संघीय लोकतान्त्रिक व्यवस्थाको रक्षा, थप अधिकार प्राप्ति र सत्ता संरचनामा उत्पीडित जनताको सहभागिता सुनिश्चित गर्न माग गर्दै नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल, नेपाल सद्भावना पार्टी र नेपाल जनजागृति पार्टीले संयुक्त रूपमा जनकपुरधाममा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा यस्तो आवाज उठेको हो ।



कार्यक्रममा नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष रिजवान अन्सारीले नेपालमा संघीयता, गणतन्त्र र धर्मनिरपेक्षता कुनै राजनैतिक सम्झौताबाट नभइ जनताको रगत र बलिदानीबाट आएको बताए । त्यसलाई मेट्न खोज्ने जुनसुकै शक्ति आफैं मेटिने उनले चेतावनी दिए । अध्यक्ष अन्सारीले पूर्वराजा ज्ञानेन्द्र शाहको पछिल्ला गतिविधिहरूप्रति संकेत गर्दै भने, 'पूर्वराजाले २०४६ सालपछि कांग्रेस र कम्युनिस्ट भनाउँदाहरूको सहारामा सत्ता जोगाएका थिए । अहिले फेरि उनीहरूकै मौन समर्थनमा गणतन्त्रको घाँटी निमोठ्ने सपना देखिरहेका छन् । तर, यो सपना अब साकार हुने छैन ।' उनले मधेश र पहाडका उत्पीडित समुदायबीच ऐक्यबद्धता आवश्यक रहेको उल्लेख गर्दै त्यसका लागि संघीय गणतान्त्रिक गठबन्धन एक सशक्त विकल्प बन्ने विश्वास व्यक्त गरे ।

बहुजन एकता पार्टी नेपालका अध्यक्ष हरिनन्दन अम्बेडकरले मधेशवादी आन्दोलन र त्यसका नेताहरूको मूल्यांकन गरे । 'वास्तविक मधेशवादीको हातमा कहिल्यै मधेश आएन । उनीहरूले मधेशका नाममा सत्तामा चढे, तर मधेशी जनताको अधिकार सुनिश्चित नगरेर उल्टै उनीहरूलाई फेरि फेरि प्रयोग गरे ।'

उनले अहिलेको शासन व्यवस्थालाई 'जातीय राज्य' को संज्ञा दिँदै त्यसविरुद्ध जनजागरण अपरिहार्य भएको बताए । 'हामीलाई संघीयता मात्रै चाहिएको होइन, हामी जातीय मुक्ति खोजिरहेका छौं,' अम्बेडकरले भने ।

नेपाल जनजागृति पार्टीका अध्यक्ष ध्रुव प्रसाद निसादले मधेश आन्दोलनका क्रममा शहीद भएका २ सयभन्दा बढी मधेशीहरूको बलिदानबारे प्रश्न उठाउँदै सोधे, 'के उनीहरूको रगत उपेन्द्र यादवलाई मन्त्री बनाउने लागि बगाइएको थियो?'

उनले आरोप लगाए, 'शहीदहरूको रगत सुक्न नपाउँदै सरकारमा गएका यिनै कथित मधेशवादी नेताहरूले मधेशी जनतालाई धोका दिएका छन् । उनीहरू जब सरकारमा गए, तब न मधेशको मुद्दा उठ्यो, न त अधिकार सुनिश्चित गरियो । केवल कुर्सी र सुविधा सुरक्षित गरियो ।'

नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतोले पूर्वराजा ज्ञानेन्द्रप्रति कडा शब्दमा आलोचना गरे । 'ज्ञानेन्द्रले खुलेर संविधान उल्लंघन गरेका छन् । राज्यसत्ताबाट खेदिएका व्यक्ति नागरिक अधिकारको सीमाभन्दा बाहिर गएर अभिव्यक्ति दिइरहेका छन् । अब उनमाथि कानुनी कारबाहीको माग गर्नुपर्छ ।'

महतोले जनताको बलिदानीबाट प्राप्त उपलब्धिहरू एकपछि अर्को गर्दै मेटिँदै गएकोमा चिन्ता व्यक्त गर्दै भने, 'वर्तमान राजनीतिक दलहरूले जनताको पक्षमा लोकतन्त्र जोगाउने हैसियत गुमाइसकेका छन् । त्यसैले अब हामी आफैं अघि बढ्नुपर्छ ।'

कार्यक्रममा सहभागी सबै नेताहरूले अब आफूहरू संघीय गणतान्त्रिक गठबन्धनको रूपमा संगठित हुने घोषणा गरे । गठबन्धनको औपचारिक घोषणा बैशाख ४ गते पत्रकार सम्मेलनमार्फत गरिने र जेठ १५ गते जनकपुरधाममा विशाल घोषणा सभा आयोजना गरिने जानकारी दिइयो ।

गठबन्धनले देशको १८ जिल्लामा पहिलो चरणमा जनजागरण अभियान सञ्चालन गर्ने योजना बनाएको छ । नेताहरूको एक स्वर थियो— 'अब हाम्रो सहमतिबिना न देश चल्छ, न मधेश ।'

नेताहरूले मधेशी जनतालाई एकताको आह्वान गर्दै भने, 'मधेशी जनताले लोभ र भय परित्याग गरे राज्यसत्ता उनीहरूको पैतालामुनि आउनेछ । तर, त्यसका लागि पुराना दलहरूको भर नपरेर आफैं अघि बढ्नुपर्ने बेला आएको छ ।'

# पोखरीको रकम नउठ्दा विकास निर्माण प्रभावित



**मधेशदृष्टि**
**सर्लाही ।**
चन्द्रनगर गाउँपालिका मातहतका ताल, पोखरीको ठेक्का सम्झौता रकम नउठ्दा विकास निर्माण प्रभावित भएका छन् । चन्द्रनगर गाउँपालिका अध्यक्ष राजकुमार महतोका अनुसार विभिन्न समयमा पालिका मातहत रहेका ताल पोखरी ठेक्का लिएका ठेकेदारले ठेक्काको अवधि सक्किसक्दा पनि ठेक्का सकार गरेको रकम नबुझाउँदा पालिकाको बिकास निर्माण कार्य प्रभावित भएको हो । ठेक्का बापतको रकम बुझाउन दर्जानौ पटक ताकेता गर्दा पनि ठेकेदारले रकम बुझाउन आनाकानी गरिरहेका अध्यक्ष महतोले बताए । अध्यक्ष महतोका अनुसार ठेकेदारले पालिकालाई ३ करोड ४१ लाख १४ हजार ६ सय १५ रुपैयाँ ठेक्का बापतको रकम बुझाउन बाँकी छ । जसमध्ये चन्द्रनगर गाउँपालिकाको मुटुमा रहेको नाढी तालको मात्र झण्डै १ करोड ८९ लाख रुपैयाँ ठेक्का बापतको रकम ठेकेदारले तिरेका छैनन् । तालको ठेक्का गाउँपालिकाकै वडा नम्बर ६ का दुलार मुखियाले लिएका छन् । पालिका का अन्य पोखरीहरू पनि ३ करोड ४१ लाख रुपैयाँमा ठेक्का लागेका छन् । पोखरीहरूको ठेक्का बापत करिब करिब २ करोड २७ लाख रुपैयाँ पालिकाले प्राप्त गरेको भएपनि अरू उठ्न सकेको छैन । ठेकेदारले समयमा रकम नबुझाउँदा सरकारले झन्डै १ करोड १४ लाख रुपैयाँ राजश्वमा प्राप्त गर्न नसकेको अध्यक्ष महतोले बताए । ‘ठेक्का बापतको रकम बुझाउन हामीले उहाँहरूलाई पटक पटक पत्र पठायौँ, उहाँहरूले अटेर गरिरहनु भएको छ,’ अध्यक्ष महतोले भने, ‘ताकेता गर्न थालेपछि उहाँहरूले पालिकालाई विभिन्न लालछजा लगाउँदै अख्तियारमा उजुरी गर्ने गर्नुभएको छ ।’

चन्द्रनगर गाउँपालिका मातहत नाढी तालसहित दर्जन बढी पोखरी रहेका छन् । कतिपय पोखरीको ठेक्का बापतको रकम ठेकेदारले बुझाए पनि धेरै रकम उठ्न नसक्दा पालिकाको वडा नम्बर–२ पर्ति बजारमा निर्माण सम्पन्न भइसकेको १५ शय्याको गाउँ अस्पताल सञ्चालनमा ल्याउन नसकिएको, नाढी तालको सौन्दर्यीकरणमा काम गर्न नसकिएको अध्यक्ष महतोले बताए । ठेकेदारहरूबाट पाउनु पर्ने पोखरी ठेक्काको बाकी रकम असुल उपर गरिदिन आफूले जिल्ला प्रशासन कार्यालयलाई समेत आग्रह गरेको पालिका अध्यक्ष महतोले बताए । जिल्ला प्रशासनले पोखरी ठेकेदारहरूलाई छलफलमा बोलाई बाकी बक्यौता तिर्न आग्रह गरेपनि ठेकेदारहरूले अटेर गरिरहेका छन् । ६ करोड २० लाख रुपैयाँमा नाढी तालको ठेक्का लिएका दुलार मुखियाले ठेक्का लिएकै वर्षमा बाढीले बढीको माछा बगाएको,त्यसपछि कोरोना महामारीका कारण लकडाउन भएर माछा बेच्न नपाएको कारण आफूहरूले गाउँपालिकालाई सम्झौता अनुसारको बाकी रकम तिर्न नसकेको बताउने गरेको गाउँपालिका अध्यक्ष महतोले बताए । महतोका अनुसार उनीहरूले ठेक्का बापतको रकममा छुट मागिरहेका छन् । पटकपटक ठेकेदारहरूले अटेर गरिरहेकाले कानुनी प्रक्रिया मार्फत रकम असुल उपर गर्न गाउँपालिका अग्रसर भएको पालिका अध्यक्ष महतोले बताए ।

# मानपुरमा बर्थिङ सेन्टर

**मधेशदृष्टि**
**सर्लाही ।**
बसबरिया गाउँपालिका वडा नम्बर १ को मानपुरमा बर्थिङ सेन्टर उदघाटन भएको छ । मधेश प्रदेशका पूर्वस्वास्थ्य तथा जनसंख्यामन्त्री वीरेन्द्र सिंहले स्वास्थ्य चौकी उद्घाटन गरेका हुन् ।

बर्थिङ सेन्टर उद्घाटनकै अवसरमा बसबरिया गाउँपालिका निवासी नेपाली कांग्रेसका नेता गजेन्द्र साहले मानपुरकै श्यामबाबु रायकी पत्नी क्यान्सर पीडित धुपिया देवीलाई व्यक्तिगत तर्फबाट ५ हजार एकसय रुपैयाँ सहयोग प्रदान गरे । मधेश प्रदेश सरकारको स्वास्थ्य तथा जनसख्या मन्त्रालयले २५ लाख रुपैयाँ खर्चिएर स्वास्थ्य चौकीको परिसरमा बर्थिङ सेन्टरका लागि बेग्लै भवन निर्माण गरिदिएको हो ।

# त्रिपाठी र चालिसेलाई गोकर्णेश्वर साहित्य पुरस्कार

**काठमाडौं ।**
यस वर्षको गोकर्णेश्वर साहित्य पुरस्कार प्राध्यापक साहित्यकारद्वय डा. वासुदेव त्रिपाठी र विजय चालिसेलाई प्रदान गरिएको छ । शुक्रबार गोकर्णमा आयोजित कार्यक्रममा वरिष्ठ साहित्यकारद्वय त्रिपाठी र चालिसेलाई सम्मान प्रदान गरिएको हो। उनीहरूलाई गोकर्णेश्वर नगरपालिकाका प्रमुख दिपक रिसालले जनही नगद एक लाख, सम्मान पत्र र दोसल्लासहित पुरस्कार प्रदान गरेका हुन् ।

साहित्यकारद्वय गोविन्दप्रसाद घिमिरे ‘वेदमणि’ तथा बाजुराम पौडेलको चयन समितिको सिफारिस अनुसार स्रष्टाहरूलाई पुरस्कार प्रदन गरिएको हो ।



पुरस्कार वितरणपछि नगर प्रमुख रिसालले साहित्यको विकास र विस्तारलाई नगरको अन्य क्षेत्रको विकास सरह अघि बढाएको दाबी गर्दै अघिल्लो वर्षबाट साहित्यको क्षेत्रमा योगदान गर्ने स्रष्टाहरूलाई निष्पक्ष रुपमा नगदसहित पुरस्कार गर्ने संस्कारको विकास गरिएको बताए ।

उनले भने, ‘स्रष्टाहरूको सृजनालाई जर्गेना गर्ने काम रोकिँदैन। नगरभित्रका कुनै पनि स्रष्टा अभावले अघि बढ्न नसक्ने अवस्थाको अन्त्यका लागि हामी सजक र सचेत छौँ ।’ सोही अवसरमा नगरपालिकाको आर्थिक अनुदानमा प्रकाशित तीन बृहत् ग्रन्थहरूको लोकार्पणसमेत गरिएको छ। कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत याम नारायण गौली, शिक्षा शाखा प्रमुख वीर बहादुर खड्का, जनप्रतिनिधि, साहित्यकारलगायतको उपस्थिति रहेको थियो ।

गत वर्ष प्राध्यापक डा. ऋषिराम पोखरेल र गीतकार एवम् वरिष्ठ कवि कञ्चन पुडासैनीलाई ‘गोकर्णेश्वर नगर साहित्य पुरस्कार–२०८०’ले सम्मान गरिएको थियो ।

# शिक्षामन्त्रीद्वारा शिवमन्दिर शिलान्याश

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको बहुदरमाई नगरपालिका वडा नम्बर ५ स्थित बर्वाटोलमा शिवमन्दिर शिलान्यास भएको छ । मधेश प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद जयसवालले वैदिक विधिपूर्वक मन्दिरको शिलान्यास गरेका हुन् । बहुदरमाई नगरपालिका वडा नम्बर ५ को बर्वा टोलमा शिव मन्दिर निर्माण भएपछि स्थानीय धार्मिक गतिविधि सञ्चालन गर्न थप सहज हुने विश्वास गरिएको छ । शिलान्यास कार्यक्रममा स्थानीय जनप्रतिनिधि, राजनीतिकर्मी, समाजसेवी, बुद्धिजीवी तथा स्थानीय भक्तजनको सहभागिता थियो ।

# एसइइ दिएकालाई बिआइटीको निःशुल्क कम्प्युटर तालिम

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज इन्स्टिच्युट अफ टेक्नोलोजी (बिआइटी) ले एसइई परीक्षा दिएका विद्यार्थीलाई निःशुल्क कम्प्युटर सीप तालिम प्रदान गर्ने घोषणा गरेको छ ।

वीरगंज महानगरपालिका वडा नम्बर–१४ चिनी मिल आवासीय क्षेत्रमा अवस्थित २५ वर्षको अनुभवसहित प्राविधिक शिक्षा क्षेत्रमा आफ्नो छुट्टै पहिचान स्थापित गर्न सफल भएको बिआइटी सिटिइभिटी (प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्) सँग सम्बद्ध छ ।

बिआइटीले घोषणा गरेको तालिम कार्यक्रम विशेष रूपमा एसइई परीक्षा दिएका विद्यार्थीलाई लक्षित गरी डिजाइन गरिएको हो । तालिममा आधारभूतदेखि उन्नत स्तरसम्मका कम्प्युटर सीप सिकाइने संस्थाले जनाएको छ ।

# पाँचलाखसहित भारतीय पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
सदरमुकाम गौरमा सशस्त्र प्रहरीले अबैध पाँच लाख नेपाली रुपैयाँसहित भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

सीमावर्ती भारतीय बजार बैरगनियाबाट गौर आउँदै गरेका भारतीय नम्बरको मोटरसाइकललाई सशस्त्र प्रहरीको टोलीले चेकजाँच गर्दा स्रोत नखुलेको पाँच लाख रुपैयाँ फेला परेको हो । पक्राउ पर्नेमा भारतीय नागरिक १८ वर्षीय मोहित कुमार पटेल भएको पाइएको छ । पटेल भारतको बिहार जिल्लाका निवासी हुन् र उनी बैरगनिया–१४ पटेल चोकका हुन् । सशस्त्र प्रहरी बल नम्बर ११ हेक्का रौतहटका प्रमुख एसपी सन्तोष बस्नेतका अनुसार, भारतीय मोटरसाइकल चालक पटेललाई गौर नगरपालिका–१ कानुपट्टी सीमा इलाकामा शुक्रबार साँझ पक्राउ गरिएको हो । पक्राउ गरिएका पटेललाई आवश्यक कारबाहीका लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको प्रहरीले जनाएको छ ।

# टु द भीआर क्रिकेट टुर्नामेन्ट शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा शनिबारदेखि टु द भीआर क्रिकेट टुर्नामेन्ट शुरु भएको छ । सोसियल युथ युनिटी क्लबको आयोजनामा वीरगंज महानगरपालिका वडा नम्बर १५ मा शुरु भएको प्रतियोगिताको उद्घाटन पर्सा क्रिकेट संघ क्यानका अध्यक्ष मनिष सिंह र प्रेस सेन्टर नेपालका मधेश प्रदेश अध्यक्ष नीरज पिठाकोटे मगरले गरे ।

क्लबका अध्यक्ष विक्की मण्डलको अध्यक्षतामा भएको प्रतियोगिताको उदघाटनमा नेपाल पत्रकार महासंघ पर्साका सदस्य रितेश झा, प्रेस सेन्टर नेपाल पर्साका सदस्य अनिल ओझा, सञ्चारकर्मी अभिलास गुप्तालगायतको उपस्थिति थियो । प्रतियोगितामा महानगरपालिकाको विभिन्न वडाका छ वटा टिमले भाग लिएको आयोजकले जनाएको छ ।

यसैबीच शनिबारको उद्घाटन खेल ब्रेभ रिबेल्स र मुरली नाइट राइडर्सबीच भएको छ । उद्घाटन खेल मुरली नाइट राइडर्सले ४० रनले जितेको छ । विभिन्न ६ टोलीबीचको प्रतिस्पर्धा अन्तर्गत कुल १६ वटा लिग खेल र त्यसपछि प्लेअफ खेल आयोजना गरिनेछ ।

# सुनचाँदी व्यवसायीहरुको एसपिएल शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
सुनचाँदी कालिगड संघ पर्साको आयोजनामा शनिबारदेखि वीरगंजमा सोनार प्रिमियर लिग (एसपिएल) को पाँचौँ संस्करण शुरु भएको छ । वरिष्ठ समाजसेवी तथा सुनचाँदी व्यवसायी नीरज सर्राफ (मुन्ना) ले औपचारिक रूपमा लिग शुभारम्भ गरे । सोनार प्रिमियर लिगको पाँचौँ संस्करणमा आठ टोलीले सहभागिता जनाएका छन् र तिनलाई दुई समूहमा विभाजन गरिएको छ । आयोजकका अनुसार प्रतियोगितामा प्रत्येक दिन दुई खेल सञ्चालन हुनेछन् । सहभागी टोलीमा सुनचाँदी व्यवसायसँग सम्बन्धित खेलाडीको बाहुल्य रहेको र उनीहरूले आफ्नो व्यस्त तालिकाबीच पनि खेलकुदप्रतिको लगावलाई कायम राखेको आयोजकले बताएको छ ।

# ह्विलचियरमा बसेर नौमती बाजा बजाउँदै

**बागलुङ ।**
चैतेदशैँको अवसरमा कालिका मन्दिर पुग्ने जङ्गलको बीच भागमा नौ जनाले नौमती बाजा बजाएर घरखर्चको जोहो गरिरहेका छन् । पोखरा आसपासको क्षेत्रमा बसोबास गर्ने उनीहरूले शुक्रबारदेखि कालिका मन्दिर परिसरमा नौमती बाजा बजाएर घरखर्चको जोहो गरिरहेका हुन् । नौमध्ये दुई जना मात्रै सबालाङ्ग छन् । उनीहरूको समूहमा दुई महिला र सात जना पुरुष सहभागी छन् ।

बागलुङको कालिका मन्दिर दर्शनका लागि कालिका बालउद्यानबाट मन्दिरतर्फ जाने बाटोमा ह्विलचियरमा बसेर बाजा बजाएको दृश्यले सबैलाई आकर्षित गर्दछ । नौमती बजाउनेमध्ये सात जना शारीरिक रूपमा अशक्त रहेको ध्रुव नेपालीले बताए । ह्विलचियरमा बसेर नौमती बाजा बजाउन सिकेको उल्लेख गर्दै यो सीपले जीविकोपार्जनमा सहज भएको बाजा बजाउँदै उनले जानकारी दिए । ‘अपाङ्गता भएकाहरू एकजुट भएर बाजा बजाउन सिकेका हौँ । ढाड भाँचिए पनि परिवारको खर्च जुटाउनुपर्ने बाध्यता छ । त्यसै मागेर हिड्नुभन्दा नौमती बाजा बजाएर कलाको संरक्षणसँगै खर्च सङ्कलनको पहल थालेका हौँ । बाजा मन पर्नेले दिनुभएको रकमबाट घर खर्च चल्ने गरेको छ,’ उनले भन्नुभयो, ‘कामसहित प्रतिभा देखाए सबैले माया गर्नुहुन्छ । सङकलन भएको रकम नौ जनाले बाढेर घर खर्चको जोहो गर्दछौँ ।’दाताहरूले दिनुभएको थोरै रकमले पनि आफूहरूलाई राहत मिल्ने गरेको जनाउँदै मेला, पर्व तथा मानिसको आवतजावत र घुइँचो बढी हुने क्षेत्रमा ह्विलचियरमै बसेर नौमती बाजा बजाउने गरेको भुमिराज थापाले बताए । समूहमा सात जना अपाङ्गता भएका व्यक्ति रहेको जनाउँदै उनले सातै जनाको ढाडसम्बन्धी समस्या रहेको उल्लेख गरे । कसैको भिरबाट लडेर, कसैको सवारी दुर्घटनामा परेर ढाड भाँचिएपछि ह्विलचियरको सहारा लिँदै आएको उनको भनाइ छ ।

‘सबैमा ढाडको समस्या छ, उहाँहरू हिड्न सक्नुहुँदैन । ह्विलचियरमा बसेरै बाजा बजाएर सङ्कलन भएको रकमले घर खर्चको जोहो हुँदै आएको छ । चैतेदसैँ मेलामा अझै तीन दिन बाजा बजाएर पोखरा फर्कने योजना छ,’ थापाले भने, ‘अपाङ्गताले प्रतिभालाई छेक्न रहेनछ, अहिले मेला महोत्सवमा बाजा बजाउँदा धेरैले माया र सम्मान गर्नुहुन्छ ।’ शारीरिक अपाङ्गता भएकाले टाढाटाढा जान भने समस्या भएको धना मगरले गुनासो गरे । ‘शारीरिक रूपमा अशक्त भएपनि कला र प्रतिभा देखाउन सकेमा यसको संरक्षण हुनुका साथै जीविकोपार्जनमा पनि सहजता हुन्छ,’ उनले भने । उनले सडकको पहुँच पुगेका स्थानमा बाजा बजाउन जान सहज हुने बताउँदै मेला, पर्वमा आफूहरू बाजा बजाउँदै आएको अनुभव सुनाए । रासस

# सूर्यविनायक–धुलिखेल सडकको काम समयमै नसकिने



**काभ्रे ।**
अरनिको राजमार्गअन्तर्गत भक्तपुरको सूर्यविनायकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्मको सडक छ लेनमा विस्तारको काम समयमै नसकिने भएको छ । सडक विभागअन्तर्गत सूर्यविनायक–धुलिखेल सडक आयोजनाले बाँकी करिब आठ महिनाको अवधिमा विस्तारको काम नसकिने जनाएको हो ।

विसं २०७९ पुस २४ बाट सुरु गरिएको १६ किलोमिटर लम्बाइको सो सडक ३६ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । सडकखण्ड सूर्यविनायकबाट साँगासम्म र साँगाबाट धुलिखेलसम्म गरी दुई खण्डमा विभाजन गरी सोही अनुसार ठेक्का सम्झौता भई विस्तार भइरहेको छ । हाल दुई खण्डको विस्तारको काम ४० प्रतिशतको हाराहारीमा भएको आयोजनाले जनाएको छ । ‘निर्धारित समयभित्र विस्तारको काम सकिँदैन, केही महिना समय थप्नुपर्ने हुन्छ,’ आयोजनाका सिनियर डिभिजनल इन्जिनियर एवम् सूचना अधिकारी सजना अधिकारीले भने । उनले विविध कारण आयोजनाको समय लम्बिने बताएका हुन ।

अधिकारीका अनुसार मापदण्डभित्रका घर–टहरा भत्काउन, रूख, बिजुलीका खम्बा तथा अप्टिकल फाइबरको केबल प्रतिस्थापन गर्दा समयमा काम सुरु हुन सकको थिएन । यस्तै साँगा–धुलिखेल खण्डमा बनेपाको सहरी क्षेत्रमा पुललगायत व्यक्तिगत घरको विवाद तथा मापदण्डभित्रका घर भत्काउन नसक्दा ढिलाइ भएको अधिकारीको भनाइ छ ।

‘आइपरेका विवाद मिलाउँदै जाँदा काम नै ढिला सुरु हुन पुग्यो, अबको केही महिना लगातार काम भए पनि बर्सात र चाडबाडका कारण समयमै विस्तारको काम नसकिने भएको हो,’ उनले भने । उनका अनुसार बनेपा क्षेत्रको विवाद भने टुङ्गिएको छभने अझै घर भत्काउने र रूख काट्ने काम बाँकी नै छ । आयोजनाका अनुसार हालसम्म सूर्यविनायक–साँगा खण्डमा ३५ प्रतिशत र साँगा–धुलिखेल खण्डमा ४५ प्रतिशत काम भएको छ । समयसीमासम्म करिब ६५ प्रतिशत भौतिक निर्माणको काम हुने जनाइएको छ । अधिकारीका अनुसार साँगा क्षेत्रमा ठूलो घुम्ती तथा सडक तल र माथि भिर भएका कारण निर्माणकार्य जोखिमपूर्ण अवस्थामा रहेकाले पनि केही समय ढिलाइ हुन गएको तथा कामले तीव्रता नपाएको हो ।

साँगामा समस्या रहेको डेढदेखि दुई किलोमिटर सडकमा जाने–आउने लेन तल–माथि हुने भए पनि ‘सर्भिस लेन’ भने निर्माण गर्न नसकिने देखिएको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर)ले समेत देखाएको थियो । उक्त दूरीमा सडक विस्तार गर्न भौगोलिक बनावट कमजोर भएकाले साँगामा सुरुङ निर्माण योजनालाई रोकेर यो योजना अघि बढाइने जनाइएको हो ।

यस्तै प्रतिवेदनले यो सडक विस्तारका लागि आवश्यक पर्ने १७ रोपनी जग्गाका लागि करिब रु एक अर्ब मुआब्जा दिनुपर्ने देखाएको थियो । हाल उक्त सडकको दायाँबायाँ टेवा पर्खाल लगाउने, नाली निर्माण गर्ने र ‘कलभर्ट’ निर्माणकार्य अन्तिम चरणमा पुगेको छ । साँगा धुलिखेल खण्डअन्तर्गत धुलिखेलका बीचमा सडक पक्की गर्ने कामको सुरआत गरिएको छ ।

उक्त आयोजनाअन्तर्गत पहिलो चरणमा साँगादेखि धुलिखेल आठ दशमलव चार किमी सडकखण्ड विस्तार कार्यका लागि चार अर्ब पाँच करोड ६४ लाख रुपैयाँका तथा दोस्रो चरणमा सुरु भएको सूर्यविनायक–साँगा सडकखण्ड तीन अर्ब ८८ करोड ९३ लाख रुपैयाँमा सम्झौता भएको थियो ।

यो सडकमा पुल थप निर्माण गर्न आवश्यक पर्ने भएकाले पुलका लागि एक अर्ब रुपैयाँ लाग्ने आयोजनाले अनुमान गरेको छ । अध्ययन प्रतिवेदनअनुसार यस आयोजनामा २०–२० मिटरको तीन पुल, जगाती र महादेवखोला पेट्रोल पम्प नजिक निर्माण गरिने भएको हो । यसका लागि प्रतिमिटर १५ लाख रुपैयाँ लाग्ने अनुमान गरिएको जनाइएको छ ।

विसं २०१७ मा राजमार्ग बन्दा सडक दायाँबायाँ २५–२५ गज अर्थात् २२ दशमलव ८६ मिटर कायम गरिएको थियो । यस्तै, विसं २०२१ मा सरकारले कानुन बनाएर यो राजमार्गमा त्यही नियमलाई यथावत् कायम गरेको थियो र सोही कानुनका आधारमा सडकका दायाँबायाँमा घर बनेका थिए । साँघुरो सडकका कारण बर्सेनि ट्राफिक जाम बढ्दै गएपछि विस्तार थालिएको हो । चीनसँगको छोटो दूरीको नाका सिन्धुपाल्चोकको तातोपानी नाका खुल्ला भएपछि यस राजमार्गमा सवारी चाप बढिरहेको छ । हाल कोटेश्वरबाट यही राजमार्गमा मध्यपहाडी क्षेत्र तथा पूर्वी तराईका लामो दूरीका सवारी साधन मात्र दैनिक एक हजारभन्दा बढी छुट्ने गरेका छन् । रासस



विद्यालय भवन शिलान्यासः धनुषाको बटेश्वर गाउँपालिका–५ स्थित आधारभूत विद्यालय, शान्तिपुर चन्द्रपुरमा निर्माण हुन लागेको दुई कोठे पक्की भवनको शिलान्यास गर्दै क्षिरेश्वरनाथ नगरपालिकाका पूर्वनगरप्रमुख तथा नेपाली कांग्रेस धनुषाका जिल्ला सभापति योगेन्द्र पजियार । तस्बिरः अमरेन्द्रकुमार यादव–रासस

# इन्सेकद्वारा मरिक घरमा अनुगमन

**मधेशदृष्टि**
**सिरहा ।**
औरही गाउँपालिका–५ का डोम समुदायका ३५ वर्षीय दीपक मरिकको घर गाउँपालिका अध्यक्षले डोजर लगाई भत्काएको घटनाको समाचार प्रकाशित भएपछि तथ्य बुझ्न इन्सेक र अधिकारकर्मीको टोलीले स्थलगत अनुगमन गरेको छ । इन्सेक मधेश प्रदेश कार्यालयका संयोजक राजु पासवान, इन्सेक सिरहा प्रतिनिधि दुर्गा परियार, मुक्ति नेपालकी अध्यक्ष देवकुमारी महरा र दलित जनकल्याण युवा क्लबका अध्यक्ष उमेश बिसुन्केलगायतको संयुक्त टोलीले स्थलगत अनुगमन गरेको हो ।

स्थलगत अनुगमनमा टोलीले पीडित मरिकका छोरा अर्जुनसँग भेटघाट गरी घटनाबारे जानकारी लिएको हो । अनुगमन टोलीसँग मरिकले आफूहरू गाउँपालिकाको ऐलानी जग्गामा विगत ३० वर्षयता बस्दै आएको र अहिले आएर गाउँपालिकाले महायज्ञका नाममा डोजर प्रयोग गरी घर भत्काएको बताए । हाम्रो नाममा जमिन नभएको र ऐलानी जग्गामा घर बनाएर बस्दै आएकामा यो समेत गाउँपालिकाले भत्काएर घरवारविहीन बनाएको पीडित मरिकले बताए । जनता आवास कार्यक्रमको सहयोगमा घर बनाएर बसिरहेको अवस्थामा गाउँपालिकाले डोजरले चलाएको पीडितले बताए ।

त्यसैगरी, आमा स्वास्थ्य कार्यालय र बुबा पालिकामा करारमा सरसफाई कर्मचारीको रुपमा कार्यरत छन् । महायज्ञको नाममा हामीलाई बजरङ्गी बाबा र गाउँपालिका अध्यक्ष शिवजी यादवको निर्देशनमा फागुन ६ गते डोजर लगाई घर भत्काएको पीडितले अनुगमन टोलीलाई बताए । सोही क्रममा पीडित मरिकले गाउँपालिका अध्यक्षको निर्देशनमा विद्यालयको स्वामित्वमा रहेको ऐलानी जग्गामा दई कोठाको फुसको घर निर्माण गरिदिएको बताए । जसमा खाने पानी र बत्तीको उचित व्यवस्था गरिदिए तापनि शौचालयको व्यवस्था भने गरेको छैन । साथै, कुन बेला विद्यालयले जग्गा खाली गराउने हो ठेगान छैन पीडित मरिकले दुःखेसो सुनाए । मरिकका अनुसार आरोतिहरूविरुद्ध बुवाले जिल्ला प्रहरी कार्यालयमा चैत ९ गते उजुरी दिएका छन् ।

अनुगमनमा मानव अधिकारकर्मी टोलीले गाउँपालिका अध्यक्ष शिवजी



यादवसँग भेटघाट गरे । अध्यक्ष यादवले अधिकारकर्मीसँगको भेटमा संघीय सरकारको अनुदानमा कृषि बजारीकरणको लागि भवनहरू निर्माणका लागि ३ करोड २५ लाख रुपैयाँ स्वीकृत भएको र यसको टेन्डर प्रक्रिया पनि पूरा भएको बताए । कृषि बजार निर्माणको लागि निर्धारण गरिएको ठाउँमा दीपक मरिकको घर भएको र ऐलानी जग्गा खाली गर्ने क्रममा मरिकको घर हटाइएको अध्यक्ष यादवले बताए ।

त्यसैका लागि उनकै सहमतिमा उनको घर बनाइदिएर भत्काए पनि विपक्षी दलको लहैलहैमा लागेर उजुरी दिएको अध्यक्ष यादवले बताए । साथै अनुसन्धानका लागि सोधपुछ गर्न आफूलाई प्रहरीले नियन्त्रणमा लिएको भए पनि आफू निर्दो्ष रहेका कारण छुट्न सफल भएको र अहिले महायज्ञ शुरु भएको उनले बताए ।

जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी वीरेन्द्र पासवानले गाउँपालिका अध्यक्षलगायतका आरोपितहरूविरुद्धको उजुरी दर्ता गरी आरोपितलाई चैत ८ गते गिरफ्तार गरेको र जिल्ला अदालतको आदेशमा आरोपितहरू जनही १ लाख रुपैयाँ धरौटीमा रिहा भएको बताए । इन्सेक मधेश प्रदेशका संयोजक राजु पासवानले निर्माणाधीन घर भत्काएर पीडित परिवारको बिच्चली भएको बताए । प्रहरीले पनि दर्ता भएको उजुरीलाई ६ दिनमै टुङ्ग्याएर अदालतमा बुझाएर शक्तिको संरक्षण गरेको देखिन्छ भने अब दलित परिवारको रोजगारीसँगै गाँसबास खोसिने समस्या भएकाले राज्यले दीपकको परिवारको व्यवस्थापन, रोजगारी र सुरक्षाको प्रत्याभूती गराउनु पर्ने बताए । अन्ततः अनुगमन टोलीले जिल्ला प्रहरी कार्यालय सिरहाको हिरासत कक्ष पनि अनुगमन गरेको संयोजक पासवानले बताए ।

# बलात्कार घटनाका आरोपितविरुद्धको उजुरी

**सिरहा ।**
११ वर्षीया बालिकालाई बलात्कार गरेको घटनाका आरोपित कल्याणपुर नगरपालिका–८ का २३ वर्षीय अफजल राईनविरुद्धको उजुरी इलाका प्रहरी कार्यालय मिर्चैयामा उजुरी परेको छ ।

आरोपितले बालिकालाई चैत ९ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले इलाका प्रहरी कार्यालय मिर्चैयामा उजुरी परेको हो । पीडित बालिकाको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल सिरहामा भएको छ । घटनापश्चात आरोपित फरार रहेकाले खोज तलास गरिरहेको इलाका प्रहरी कार्यालय मिर्चैयाका डिएसपी पञ्चकुमार बाखुले बताए ।

यता, सर्लाहीमा १५ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा बरहथवा नगरपालिका–१० का २८ वर्षीय दिपेन्द्र कुमार महराविरुद्ध इलाका प्रहरी कार्यालय बरहथवामा उजुरी परेको छ । आरोपितले चैत ४ गते बालिकालाई घरमा बोलाई नयाँ लुगा किनिदिन्छु र पैसा पनि दिन्छु भनी ललाई फकाई प्रलोभनमा पारी बलात्कार गरेको पीडित पक्षको आरोप रहेको छ ।

घटनापश्चात आरोपित महरा फरार रहेकाले खोजतलास भइरहेको इलाका प्रहरी कार्यालय बरहथवाका डिएसपी मुक्तिनाथ सापकोटाले जानकारी दिए । पीडित बालिकाको स्वास्थ्य परीक्षण सर्लाही जिल्ला अस्पताल मलंगवामा भएको छ ।

# दुई स्थानमा रक्तदान आयोजना

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा शनिबार दुई छुट्टाछुट्टै स्थानमा रक्तदान भएको छ । अभिभावक संघ पर्साले घण्टाघरमा र शैक्षिक शहीद मुकुन्द खनाल स्मृति प्रष्ठिठानले गीता मन्दिरमा रक्तदान आयोजना गरेको हो ।

कार्यक्रममा १ सय ४३ जनाले रक्तदान गरेका छन् । अभिभावक संघ पर्साले गरेको रक्तदानमा ४ महिलासहित ७७ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले जानकारी दिए । उनका अनुसार रक्तदान गर्नेमा श्रीकान्ती गिरी, गुल्फि डोमिन, रोशन सारा, संदीप शाह, दिलिप कुमार मिश्र, मुकेश जैसवाललगायतका छन् । यसैगरी, मुकुन्द खनाल स्मृति प्रष्ठिठानले गरेको रक्तदानमा ६ महिलासहित ६६ जनाले रक्तदान गरेका थिए । दुवै स्थानमा आयोजना गरिएको रक्तदानमा रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिकहरुले सहयोग गरेको पाण्डेले बताए ।


मधेश प्रदेश
महोत्तरी जिल्ला
पिपरा गाउँपालिका वडा नं.४ मा फोहरमैला व्यवस्थापन केन्द्रको
प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी
सार्वजनिक सूचना
प्रकाशित मिति२०८१/१२/१४

पिपरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पिपरा, महोत्तरीद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पिपरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>पिपरा, महोत्तरी, मधेश प्रदेश, नेपाल<br>सम्पर्क नं.: ०४४-५४८०४७<br>वेवसाइटः www.piparamun.gov.np<br>ईमेल :info@piparamun.gov.np |
| प्रस्तावको व्यहोरा | फोहरमैला व्यवस्थापन केन्द्र निर्माण तथा संचालन<br>कुल क्षेत्रफल : २.७२०५ हेक्टर<br>वार्षिक फोहर व्यवस्थापन क्षमता : १४०० |
| प्रभाव पर्ने सक्ने जिल्ला/गा.पा. | महोत्तरी जिल्ला/पिपरा गाउँपालिकावडा नं.४ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न पिपरा गाउँपालिका वडा नं.४ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७(सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पिपरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>पिपरा, महोत्तरी, मधेश प्रदेश, नेपाल<br>सम्पर्क नं.: ०४४-५४८०४७<br>वेवसाइटः www.piparamun.gov.np<br>ईमेल :info@piparamun.gov.np |
| परामर्शदाताको नाम र ठेगाना | सेल्सियस इन्जिनियरिङ कन्सल्ट प्रा.लि.<br>बुढानिलकण्ठ नगरपालिका-१०,<br>काठमाण्डौं, नेपाल<br>फोन नं : ९८६२५८०५४५ |


# चन्द्रपुरमा निःशुल्क कान स्वास्थ्य शिविर

**मुकेश कुमार साह**
**रौतहट ।**
नव विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा चन्द्रपुरमा एकदिने निःशुल्क कान स्वास्थ्य शिविर शनिबार भएको छ । स्वास्थ्य सेवाबाट वञ्चित वर्गलाई लक्षित गरी सञ्चालन गरिएको शिविरमा २ सय ४३ जनाले सेवा लिएका छन् ।

रामरेवती प्रतिष्ठान र हिमालयन पोलिक्लिनिकको सहकार्यमा सञ्चालन गरिएको शिविरमा इम्प्याक्ट नेपाल रौतहटले प्राविधिक सहयोग गरेको थियो । विगत १४ वर्षदेखि नियमित रूपमा सञ्चालन हुँदै आएको यस शिविरले ग्रामीण र मध्यमवर्गीय नागरिकलाई ठूलो राहत मिलेको सेवा लिनेहरू बताउँछन् ।

शिविरमा उपचारका लागि आएका चन्द्रपुर–४ की ४५ वर्षीया गीता देवी महतोले भनिन्, 'हामी जस्ता गरिबका लागि यस्तो सुविधा निकै उपयोगी हुन्छ । घरमै विशेषज्ञ सेवा पाउनुले हामीलाई धेरै राहत हुन्छ ।' त्यस्तै, चन्द्रपुर–५ का सरोज राउतले भने, 'वर्षौंदेखि कानको समस्या थियो, तर बाहिर जान सकिन । यहाँ आएर निःशुल्क जाँच र औषधि पाउँदा धेरै राहत महसुस भयो ।'

कार्यक्रमका प्रमुख अतिथि प्रदेशसभा सदस्य माननीय युवराज भट्टराईले सहकारीको सामाजिक अभियानले जनतामा सकारात्मक सन्देश फैलाउने बताए । 'सहकारीहरूको दायरा आर्थिक कारोबारमा मात्र सीमित नराखेर जनसेवामा पनि देखिनु समाजको लागि सुखद संकेत हो,' उनले भने । रौतहट बचत तथा ऋण सहकारी संघका उपाध्यक्ष रामविश्वास पासवानले यस्तो सामाजिक कामले सहकारी आन्दोलनलाई थप सुदृढ बनाएको बताए । 'नव विकासको यस्तो निरन्तरता अरू सहकारीहरूका लागि प्रेरणा हो,' उनले भने ।

कार्यक्रमको अध्यक्षता गरेका नव विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष राजेन्द्र तिवारीले १४ वर्षदेखि निरन्तर सञ्चालित यस




शिविरले समुदायमा गहिरो विश्वास सिर्जना गरेको बताए । 'हामीले सामाजिक कामलाई प्राथमिकतामा राखेका छौं, जनताको साथ र विश्वासले हामीलाई अझ अघि बढ्न हौसला दिएको छ,' तिवारीले भने । कार्यक्रम सञ्चालन सचिव दिनेश मैनालीले गरेका थिए । कार्यक्रममा चन्द्रदोय साकोसका अध्यक्ष बसन्त आचार्य, संकल्प साकोसका अध्यक्ष गणेश पौडेल, हातेमालो साकोसका अध्यक्ष दीपक घिमिरे लगायत सहकारी क्षेत्रका प्रतिनिधिको उपस्थिति थियो ।

# ब्रह्मपुरीमा निःशुल्क स्वास्थ्य शिविर

राजदेवी नगरपालिका–९ ब्रह्मपुरीमा निःशुल्क स्वास्थ्य शिविर भएको छ । ब्रह्मपुरी माविको प्रांगणमा भएको निःशुल्क स्वास्थ्य शिविरमा विभिन्न रोगबाट ग्रसित बिरामीले सेवा लिएका छन् । राजदेवी नगरपालिका र असल छिमेकी नेपाल, पोखराको संयुक्त आयोजनामा सम्पन्न निःशुल्क स्वास्थ्य शिविरमा तीनसय ९३ जनाले स्वास्थ्य परीक्षण गराएका छन् ।

शनिबार ब्रह्मपुरी माविमा भएको शिविरमा पेट, छाती, मुटु, मधुमेह, हार्डजोर्नी तथा नशा र दाँत तथा गिजाका विशेषज्ञ चिकित्सकले बिरामीलाई उपचार गरेका थिए । शिविरमा निःशुल्क स्वास्थ्य परीक्षण, औषधी वितरण, सुगर, हेमोग्लोबिन र रक्त समूह परीक्षण भएको आयोजकले जनाएको छ ।

डा. निरज कुमार सिंह, डा. नविन कुमार सिंह तथा डा. विकास कुमार पटेलसहितका स्वास्थ्यकर्मीले शिविरमा सेवा लिएका थिए । गाउँठाउँमै बिशेषज्ञसहितको निःशुल्क स्वास्थ्य शिविर आयोजना भएपछि विभिन्न कारण उपचारको लागि टाढा जान नसकेका बिरामीलाई सहज भएको स्थानीय नविन कुमार सिंहले बताए ।

# गणतन्त्रका पक्षमा युवाको ¥याली

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एकीकृत समाजवादीनिकट युवा संघ नेपाल, वीरगंज महानगर समितिले गणतन्त्रका पक्षमा वीरगंजमा ¥याली निकालेको छ । संघीय लोकतन्त्रमाथि भइरहेको प्रहारको विरोधमा वीरगंजको लालबंगलाबाट शुरु भएको ¥याली बजारको मुख्य भागको परिक्रमा गर्दै घण्टाघरमा पुगेर कोणमा परिणत भएको थियो । नेताहरूले कोणसभामा सम्बोधन गर्दै राजतन्त्र समाप्त भइसकेको र पुनःस्थापना असम्भव रहेकोमा जोड दिएका थिए । लोकतन्त्रमाथि केही मुठ्ठीभरका प्रतिगामी शक्तिले आक्रमण गरिरहेको भन्दै लोकतन्त्रको एकमात्र विकल्प लोकतन्त्र नै भएको र सबै लोकतान्त्रिक शक्ति एकमतमा रहेको तर्क प्रस्तुत गरेका थिए ।

सम्पादकीय

# मधेश केन्द्रित दलको मोर्चा र यसको भविष्य

*मधेश केन्द्रित केही राजनीतिक दलहरुले मोर्चाको गठन भएको छ। मोर्चाले मधेशको अधिकारको साथसाथै केही मागहरुसमेत सरकारसँग राखेको छ।*

*यसमा रहेका केही राजनीतिक दलहरु भने सरकारमा समेत सहभागी छन्। यस्तो अवस्थामा सरकारमा बसेर मोर्चाले कस्तो खालको आन्दोलनको मागहरु राख्ने हो भन्ने चासोको विषय भएको छ।*

*विगतमा समेत राजनीतिक दलहरु यस खालको मोर्चा निर्माण गरेर अगाडि बढे पनि उनीहरु जनताको अधिकारका लागि खासै काम गरेनन्। जसकारणले त्यो मोर्चाको विगतमा समेत औचित्य सकिएको थियो। अहिले फेरि केही राजनीतिक दलहरु मिलेर मोर्चा बनाएका छन। तर प्रश्न के उठ्छ भने जनताको अधिकारका लागि गरिए पनि पार्टी एक भएर फुटसम्म भोगेका मधेश केन्द्रित दलहरु अहिले आएर मिल्नुको पछाडि सरकारले दलसम्बन्धी थ्रेस होल्डबाहेक केही पनि होइन।*

*उनीहरु सरकारलाई यसकारणले नै बाध्य बनाउने कार्यहरु गरिरहेका छन्। तर यसले जनतामा कस्तो खालको विश्वास र प्रभाव पर्ला ? त्यो महत्वपूर्ण विषय भएको छ। आखिर पटकपटक मधेशको जनताको अधिकारका लागि आन्दोलन गर्ने फेरि आएर धोका दिने यस खालको कार्यले जनतामा उनीहरुको विश्वसनीयता समेत हराएको अवस्था छ। परिवर्तनका उपलब्धि गुम्न नदिन, संघीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउँदै संविधान संशोधनलगायतका मुद्दामा एउटै मत बनाउन उनीहरूले मोर्चा घोषणा गरेका हुन्। तर अहिलेसम्म प्राप्त भएको उपलब्धी वा मधेशको जनताको अधिकारको विषयमा गम्भीर तिनै दल हुन्, जसकारणले यस्तो अवस्था सृजना भएको छ। दलहरु आफूमात्रै विभाजित भएका छैनन्, टोलटोलमा कार्यकर्ताहरुलाई समेत विभाजित गरेका छन्।*

*दलहरु विभाजित हुँदा आफूहरूका एजेण्डा ओझेलमा परेको र अहिलेसम्मका उपलब्धिलाई संस्थागत गरेर जाने भन्दै मधेशकेन्द्रित सात दलले मोर्चा घोषणा गरेका हुन्।*

*यी दलहरु आफ्नो अस्तित्वका लागि मात्रै मोर्चा बनाएका हुन् भने त्यसको औचित्य त्यही दिन सकिन्छ होइन भने जनताका लागि बनाएका हुन् भने विगतमा के के कमजोरी गरे र त्यसको आत्मसमीक्षा गरेर अगाडि बढ्नुपर्ने आवश्यकता छ। मोर्चामा रहेका नेताहरु कुनै पुरानो होइनन्, जनताले उनीहरु सबैलाई हेरिसकेका छन्। त्यसकारण यसको औचित्य जनताको अभिमतबाट मात्रै प्रमाणित हुन्छ।*

# समृद्धिको पहिलो शर्त विकास कि भौतिक ?



बिबी श्रेष्ठ

समाजको विकास चरणलाई नजिकबाट नियाल्ने हो भने परिवर्तनको मुख्य कडी नै चेतनाको विकास हो, तर अहिलेको ट्रेन्ड कस्तो बनिदियो भने भौतिक विकास नै जीवन सम्पन्नताको मुख्य आधार हो। यही रटानमा अल्झिएको जीवन दर्शन कहिलेसम्म रटिने हो ! नेपालको परिपे्रक्ष्यमा सबैभन्दा दुःखद पक्ष यही हो।

जीवन सफल हुन चेतनाको विकास मुख्य आधार हो भन्ने जबसम्म आमजनतामा वस्तुवादी प्रभाव पर्न सक्दैन, तबसम्म मानव जीवनमा शान्ति र सुख प्राप्त हुन सक्दैन। यही एकमात्र सत्यलाई छायाँमा पार्दै हामीहरू भने भौतिक वस्तुको प्राप्तिमा जीवन अर्पित गरिरह्यौं। त्यही दृष्टिदोषमा अल्झिएको हाम्रो सोच मानव जीवनका लागि घातक बनिदियो।

सफल जीवन र समृद्ध समाज निर्माण गर्न चेतनाको विकास अपरिहार्य हो, तर समाजका अगुवाहरूले नै सफल जीवनका मुख्य आधार नै भौतिक सम्पत्तिको प्राप्तिमा जोड दिइरहे। जसको परिणामस्वरूप नेपालमा निराशाको जग निर्माण गरिरहेको छ। जुन देश र आमजनताको लागि गम्भीर विषय हो।जीवनको आवश्यकता के हो ? जीवनको न्यूनतम परिभाषा के हो ? समाजले मानव जीवनबाट के अपेक्षा गर्छ ? यी प्रश्नमा घोत्लिने हो भने जीवनमा भौतिक आवश्यकता कम प्राथमिकता पर्छ र जीवन सार्थक बनाउन चेतना महत्वपूर्ण रहेछ भन्ने कुराको बोध हुन्छ। यही तत्वबोधमात्र गर्न सकियो भने जीवन सरल र सार्थक बनाउन सकिन्छ, तर मानव जगतले यसमा सोच्न नसक्दा जीवन नै बोझिलो बन्न गयो। बोझिलो जीवनको कारक तत्व भौतिकवादमा रूपान्तरण बनिदियो। जसका कारण हामीहरू यति धेरै असन्तुष्टिको चर्को पहाडमा उक्लिरहेका छौं– नकारात्मक धारणाले वाँधिदिंदा सकारात्मक ऊर्जा धुमिल बन्दै गयो। जसका कारण सामाजिक दायित्व बहन गर्न हामी मानव जाति चुक्दै गयो।

सफल जीवन र समृद्ध समाज निर्माण गर्न चेतनाको विकास अपरिहार्य हो, तर समाजका अगुवाहरूले नै सफल जीवनका मुख्य आधार नै भौतिक सम्पत्तिको प्राप्तिमा जोड दिइरहे। जसको परिणामस्वरूप नेपालमा निराशाको जग निर्माण गरिरहेको छ।

जबसम्म हामीलाई जीवनको तत्वबोध मानव जातिको चेतनामा निर्भर गर्छ भन्ने ज्ञान हुँदैन, तबसम्म यो सिलसिला चलिरहन्छ। जुन सिलसिलाले जीवन सार्थक हुन सक्दैन। भौतिकवाद जीवनका साधनमात्र हुन्, साध्य हो। साध्य त जीवनको चेतना हो। चेतनाको समुचित विकासले मात्र हरेक वस्तुको प्राप्ति सहज एवं सम्भव छ भन्ने हेक्का राख्नु जरुरी छ।

जीवनमा भौतिकवादको प्रधानता सोच्ने मानसिकता कसरी हावी भयो ? यसमा अब हामी गम्भीर बन्न ढिला गर्नुहुँदैन। जति ढिला गर्छौं, जीवन झन् दलदलमा फस्दै गइरहन्छ। सामाजिक चेतनामा मानव जातिको वातावरणीय प्रभाव भए तापनि यसको परिवर्तनका सारथि पनि मानव जगत नै हुन्। जसले परिवर्तनलाई सम्भव तुल्याइदिन्छ।

प्रकृतिको नियमलाई जब हामी बुझ्ने प्रयत्न गर्छौं, तब जीवन शान्त र शीतल लाग्न थाल्छ। लहैलहै र क्षणिकमा जीवन व्यतित गर्ने भीडले समाजलाई नै दूषित बनाइरहेको सन्दर्भमा समाजका अगुवा र चेतनशीलहरूले यसको अगुवाइ गर्नुपर्छ। व्यक्तिगत जीवनभित्र मात्र जीवन खोज्ने दुस्साहस गरियो भने जीवन निरन्तरताभन्दा पृथक बन्न सक्दैन, जुन जीवन अशान्ति, रुग्ण र मानसिक रूपमा कमजोर हुन्छ।

भौतिक विकासमात्र भयो, तर मानसिक विकास भएन भने मानव जातिको जीवन सवल बन्न सक्दैन। त्यो जीवनले समाजमा योगदान दिन सक्दैन। त्यो जीवन भौतिकवादमा मात्र अल्झिन्छ। भौतिक वस्तु प्राप्तिमा जीवन सवल देख्नेहरू धर्तीका बोझमात्र हुन्। हामी मानव जाति धर्तीका बोझ बन्नुहुँदैन। किनकि समाजले खोजेका धर्तीका बोझहरू होइन, सुन्दर र समृद्ध समाज निर्माणका सारथिहरू हुन्।

हरेकमा नकारात्मक र देखासिकीमा जीवन व्यतित गर्नेहरू भौतिकवादका पर्याय हुन्। जसले समाजमा सकारात्मक सन्देश प्रवाह गर्न सक्दैन। आवश्यकता र रहर जीवनका अलगअलग पाटो हुन् भन्ने जबसम्म हेक्का हुँदैन, तबसम्म मानव जीवनमा महत्वाकांक्षाको पहाड चुलिन्छ। जुन समाजको आवश्यकता होइन।

भौतिक वस्तु प्राप्तिमा जीवन सवल देख्नेहरू धर्तीका बोझमात्र हुन्। हामी मानव जाति धर्तीका बोझ बन्नुहुँदैन। किनकि समाजले खोजेका धर्तीका बोझहरू होइन, सुन्दर र समृद्ध समाज निर्माणका सारथिहरू हुन्। जीवनका कति वस्तुको प्राप्तिले सफल हुने हो ? त्यसको मानक अहिलेसम्म पाइएको छैन। जीवनका कसले कति सम्पत्ति कमायो, त्यसले हैन, कुन व्यक्तिले कति सामाजिक योगदान दियो, त्यो प्रधान हो। समाज रूपान्तरणमा कसले कति भूमिका खेल्यो, त्यो प्रधान हो। जब व्यक्तिवादमा मानव अल्झिन्छ, त्यो मानव भौतिकवादको चंगुलमा फस्छ। त्यो समाजको चाहना होइन, देशको चाहना होइन, त्यो जीवनमा खुशी र सुखी पनि बन्दैन, जुन जीवन भौतिकवादलाई प्रधान मानिरह्यो।

देश बन्दैन, देशमा सम्भावना छैन, यो भाष्य यति धेरै अतिरञ्जित गरियो कि बाल मस्तिष्कमा त्यसको नराम्रोसँग छाप परेको छ। त्यही बाल मस्तिष्क वयस्क हुँदा उसको सन्तानमा त्यही चेतनाले घर गरेको छ। अनि कसरी देश बन्छ ? देश कसरी समृद्ध बन्छ ?

देश बनाउने जिम्मा मेरो पनि हो भन्ने चेतनाको विकास हुने हो भने कुनै नेतालाई गाली गर्ने फुर्सद हामीसँग हुनेछैन, तर हामी त्यो गर्न कदापि सक्दैनौं। किनकि अर्कालाई नराम्रो देखाएर आफू राम्रो देखिने मानसिकता हामीमा विकास भएको छ। यही हो भौतिक विकास भनेको। जसले मानवताको धर्म मान्दैन, आफ्नो जिम्मेवारी र भूमिका चिन्ने कोसिस गर्दैन।

चेतनाको विकासविना भौतिक विकासको कुनै अर्थ हुँदैन। यही कुरा बुझ्न ढिला गरियो भने मानव जीवन व्यर्थ हुन्छ। यति धेरै सम्भावना बोकेको देशमा केही हुँदैन भन्ने भाष्य निर्माण गर्नु भनेको समाज निर्माणमा नकारात्मक भूमिका खेल्नु हो। भौतिकवादलाई अलग राखेर चेतनाको विकासमा हाम्रा समय र सोच्ने शैलीको विकास गरौं त ! यही नै सम्भावनाको विशाल खानी रहेको छ।

सोच र शैलीको विविधतामा चेतना र मानसिक विकास अबको आवश्यकता हुनुपर्छ। जसले मात्र समृद्ध नेपाल निर्माणमा भूमिका खेल्छ। मानव जातिको मुख्य पहिचान नै यही हो। समाज र देशले खोजेको मानव जीवनबाट यही हो। भौतिकवादमा जीवन सफल देख्नेहरूमा जब चेतनाको विकास हुन्छ, भौतिक सम्पत्तिहरू निरर्थक लाग्छ र यी नै जीवनका बोझ लाग्छन्, दुःखका कारणका लाग्छन्, अशान्ति र बेचैनका कारणहरू लाग्छन्, त्यसवेलामा सच्चिने समयसमेत हुनेछैन।

# बुद्ध दर्शनको प्रचारप्रसारमा थाई सरकारको योगदान



भरत केसी

बुद्ध जन्मस्थल लुम्बिनीमा थाई सरकार र थाई समुदायले बुद्धधर्म र दर्शनको प्रचारप्रसार तथा लुम्बिनीको पर्यटन प्रवद्र्धनका लागि विभिन्न गतिविधिमार्फत योगदान पु¥याउँदै आएको छ।

बुद्ध जन्मस्थल लुम्बिनीमा थाई सरकारका तर्फबाट धार्मिक, सामाजिक, सांस्कृतिक र पर्यटकीय प्रवद्र्धनमा महत्वपूर्ण योगदान हँुदै आएको छ। यसले नेपाल र थाइल्याण्डबीचको बौद्ध धर्म एवं दर्शनले जोडेको हजारौँ वर्षदेखिको सांस्कृतिक सम्बन्धलाई थप मजबुत बनाउने काम गरेको छ। थाई सरकारका तर्फबाट लुम्बिनीस्थित थाई विहारमार्फत लुम्बिनीको सांस्कृतिक, धार्मिक र पर्यटन प्रवद्र्धनसँगै शिक्षा, स्वास्थ्य र सामाजिक क्षेत्रमा काम गर्दै आएको छ।यसअन्तर्गत भूकम्पले क्षति पु¥याएका विद्यालयका भवन निर्माण, भूकम्पपीडितका लागि सहयोग, विद्यालयमा शैक्षिक सामग्री वितरण, छात्रवृत्ति वितरण, स्वास्थ्य शिविर सञ्चालनजस्ता गतिविधि सञ्चालन गर्दै आएको थाई बौद्ध विहारको वार्षिक प्रगति प्रतिवेदनमा उल्लेख गरिएको छ।

बुद्ध धर्मको प्रचारप्रसारका लागि थाई सरकारको सहयोगमा लुम्बिनीमा रोयल थाई मन्दिर(विहार) निर्माण गरिएको छ। जुन थाई वास्तुकलाको उत्कृष्ट नमुना हो। यस मन्दिरको उद्घाटन सन् २०१७ मा थाई राजकुमारी महा चक्री सिरिन्धोर्नद्वारा गरिएको थियो। यससँगै बुद्ध जन्मस्थल लुम्बिनीको विकासमा औपचारिक रुपमा थाई सरकारको सहभागिता प्रारम्भ भएको मानिन्छ।

लुम्बिनी थाई बौद्ध विहार एउटा सुन्दर र शान्त बौद्ध विहार विशेषगरी थाई शैलीको वास्तुकलामा बनेको छ। लुम्बिनीमा रहेका सबै अन्तरराष्ट्रिय विहारमध्ये सबैभन्दा आकर्षक र कलात्मक शैलीको मन्दिरमध्ये एक हो।

लुम्बिनीमा निर्माण गरिएको कलात्मक यो गुम्बा निर्माणसँगै यहाँ हरेक वर्ष थाई बौद्ध भिक्षुहरू र तीर्थयात्री पर्यटकको आगमन हुने गरेको छ। थाई नागरिकका लागि बुद्ध जन्मस्थल धार्मिक आस्थाको प्रमुख केन्द्र बनेको छ। यसैले लुम्बिनी थाई पर्यटक र तीर्थयात्री दुवैका लागि महत्वपूर्ण गन्तव्य मानिन्छ। यहाँ हरेक वर्ष थाई सहयोगमा तीनमहिने वर्षावास कार्यक्रम, प्रवज्या गर्ने कार्यका लागि र मायादेवी मन्दिर परिसरमा त्रिपिटक वाचनका कार्यक्रम सञ्चालन हुँदै आएका छन्।

सन् २०२४ सेप्टेम्बरमा, थाइल्याण्डका १७ भिक्षुहरूले लुम्बिनीमा तीनमहिने वर्षावास (वर्षा यामको व्रत) बस्दै ध्यान र प्रवचनमा समय बिताएका थिए। लुम्बिनीको धार्मिक, सांस्कृतिक, पर्यटकीय प्रवद्र्धनमा थाई सरकारका तर्फबाट महत्वपूर्ण योगदान हुँदै आएको सदस्य सचिव सानुराजा शाक्य बताउनुहुन्छ। यसले नेपाल र थाइल्याण्डबीचको सांस्कृतिक सम्बन्धलाई थप मजबुत बनाएको छ। थाई सरकारको आर्थिक र प्राविधिक सहयोगमा शिक्षा, स्वास्थ्य तथा सम्पर्क सुधारका परियोजनाहरू समावेश छन्।यसैअन्तर्गत थाई सरकारका तर्फबाट गत वर्ष सन् २०२३ जुलाइमा, थाई चिकित्सा टोलीले लुम्बिनीमा स्थानीयका लागि निःशुल्क घुँडा शल्यक्रिया कार्यक्रम सञ्चालन गरी ३२ बिरामीलाई सेवा प्रदान गरेको थियो। यससँगै काठमाडौंस्थित तिलगङ्गा आँखा अस्पतालको सहयोगमा लुम्बिनीमा आँखा शिविर सञ्चालन गर्दै आएको छ।थाई समुदायले लुम्बिनीस्थित मेट्टा गुरुकूल स्कुलको भवन निर्माणका लागि आर्थिक सहयोग प्रदान गरेको छ। त्यसले स्थानीय बालबालिकालाई गुणस्तरीय शिक्षा प्राप्त गर्न मद्दत पु¥याएको छ। यससँगै लुम्बिनी क्षेत्रका विभिन्न विद्यालयमा थाई बौद्ध विहारले विभिन्न किसिमले सहयोग प्रदान गर्दै आएको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीको थाइल्याण्डको औपचारिक भ्रमणका क्रममा तीन दिनअघि भएका विभिन्न सम्झौतामध्ये कृषि र पर्यटन क्षेत्रका सम्झौता लुम्बिनी क्षेत्रलाई समावेश गरिएको छ। लुम्बिनी विकास कोषका सदस्य सचिव शाक्य थाइल्याण्ड सरकारका तर्फबाट पहिलेदेखि नै लुम्बिनी क्षेत्रमा कृषिमा लगानी गर्ने प्रस्ताव आएको र अहिले प्रधानमन्त्रीको भ्रमणका क्रममा भएका सम्झौताले अब उनीहरुको कार्यक्रम आउने सम्भावना रहेको बताउछन। यससँगै बौद्ध पर्यटन प्रवद्र्धनमा सहकार्य गर्ने समझदारीअनुरुप लुम्बिनी पर्यटन प्रवद्र्धनमा थाई सरकारको लगानी बढाउने अपेक्षा गरिएको सदस्य सचिव शाक्यले बताए।

सन् २०२५ को फेबुरअरी महिनामा चार हजार ६२० थाई पर्यटक बुद्ध जन्मस्थल लुम्बिनी आएका छन्। गत महिना लुम्बिनी आएका तेस्रो मुलुकका पर्यटकमध्ये सबैभन्दा बढी थाई पर्यटक हुन्। गत महिना लुम्बिनीमा विभिन्न धार्मिक गतिविधि भएकाले पनि विभिन्न बुद्धिष्ट मुलुकबाट आउने पर्यटकको सङ्ख्या बढेको हो। धार्मिक कार्यक्रमका कारण पनि थाइल्याण्डबाट आएका भिक्षुहरुको चहलपहल बढेको हो। लुम्बिनी विकास कोषका सूचना अधिकारी राजन बस्नेतले गत फागुन १६ गतेदेखि एक हजार २०० नेपालीलाई प्रवज्या गर्ने कार्यका लागि र मायादवी मन्दिर परिसरमा त्रिपिटक वाचन कार्यक्रमका लागि थाइल्याण्डबाट बुद्ध धर्मावलम्बी आएका हुन्। एक महिनासम्म चलेको यी धार्मिक कार्यका लागि आर्थिक सहयोग थाइल्याण्डबाटै भएको थियो। लुम्बिनी भ्रमणमा आएका तेस्रो मुलुकका पर्यटकमध्ये थाइल्याण्डबाट आउने पर्यटकको सङ्ख्या दोस्रो स्थानमा रहेको छ। सन् २०२४ को फेब्रुअरीमा तीन हजार ९८१ थाई पर्यटक लुम्बिनी आएका थिए। सन् २०२३ को फेब्रुअरीमा तीन हजार ३६७ र कोभिडअघि सन् २०१९ मा छ हजार २०८ थाई पर्यटक लुम्बिनी आएका थिए। रासस

# अमेरिकी व्यापारमा नाटकीय परिवर्तन

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको हालसम्मकै व्यापक भन्सार शुल्क शनिबार लागू भएको छ। यसले प्रतिक्रियास्वरूप जवाफी कारबाही र बढ्दो व्यापारिक तनाव निम्त्याउन सक्छ र विश्व अर्थतन्त्रलाई अस्तव्यस्त पार्न सक्छ। मेक्सिको र क्यानाडाका सामानहरू बाहेक अधिकांश अमेरिकी आयातमा असर पार्दै मध्यरातमा १० प्रतिशत 'आधारभूत' भन्सार शुल्क लागु भयो। यसमा ट्रम्पले देशको व्यापार घाटासँग सम्बन्धित समस्याहरू समाधान गर्न आपत्कालीन आर्थिक शक्तिहरूको आह्वान गर्नुभयो।

ह्वाइट हाउसका अनुसार व्यापार अन्तरहरू सम्बन्धहरूमा 'पारस्परिकताको अभाव' र अन्य नीतिहरू जस्तै 'अत्यधिक मूल्य–वृद्धि करहरू' द्वारा प्रेरित थिए। अप्रिल ९ मा युरोपेली सङ्घ (इयु), जापान र चीनसहित करिब ६० व्यापारिक साझेदार प्रत्येक अर्थतन्त्रका लागि अनुकूल उच्च दरको सामना गर्न तयार छन्। पहिले नै अर्को हप्ता सुरु हुने चिनियाँ सामानहरूमा ट्रम्पको ३४–प्रतिशत भन्सार शुल्कले बेइजिङले अप्रिल १० देखि अमेरिकी उत्पादनहरूमा ३४–प्रतिशत भन्सार शुल्क लगाउने घोषणा गरेको छ। बेइजिङले विश्व व्यापार सङ्गठन (डब्लुटिओ) मा संयुक्त राज्य अमेरिकामाथि मुद्दा हाल्ने र उच्च–स्तरको चिकित्सा र इलेक्ट्रोनिक्स प्रविधिमा प्रयोग हुने दुर्लभ खनिज तत्वहरूको निर्यातलाई प्रतिबन्ध लगाउने पनि बताएको छ। तर अन्य प्रमुख व्यापारिक साझेदारहरूले अन्तर्राष्ट्रिय गतिरोध र मन्दीको डरको विकास भइरहेको बेला आफूलाई रोकेका छन्। ट्रम्पले शुक्रबार सामाजिक सञ्जालमा 'चीनले यसलाई गलत खेल्यो', यो 'उनीहरूले गर्न नसक्ने कुरा हो' भन्दै चेतावनी दिनुभयो।

बजारहरू धराशायी

शुक्रबार वाल स्ट्रिट एसिया र युरोपका समान पतनको बाटो पछ्याउँदै गिरावटमा गयो। अर्थशास्त्रीहरूले भन्सार शुल्कले वृद्धिलाई कम गर्न र मुद्रास्फीतिलाई बढावा दिनसक्ने चेतावनी पनि दिएका छन्। तर ट्रम्पले आफ्नो ट्रुथ सोशल प्लेटफर्ममा उहाँका 'नीतिहरू कहिल्यै परिवर्तन हुने छैनन्' भन्नुभएको छ। तथापि ट्रम्पको पछिल्लो भन्सार शुल्कमा उल्लेखनीय अपवादहरू छन्।

स्टिल, एलुमिनियम र अटोमोबाइल आयातमा प्रभाव पार्ने हालै लगाइएको २५ प्रतिशत भन्सार शुल्कमा यी थपिएका छैनन्। साथै ह्वाइट हाउसका अनुसार तामा, औषधि, सेमिकन्डक्टर र काठ, 'केही महत्त्वपूर्ण खनिजहरू' र ऊर्जा उत्पादनहरूसँगै अस्थायी रूपमा छुट दिइएको छ। तर ट्रम्पले तामा र काठको अनुसन्धान गर्न आदेश दिनुभएको छ जसले चाँडै नै थप भन्सार शुल्कहरू निम्त्याउन सक्छ।

उहाँले औषधि र सेमिकन्डक्टर जस्ता अन्य उद्योगमा पनि असर पार्ने धम्की दिनुभएको छ। यसको अर्थ कुनै पनि छुट सीमित हुन सक्छ। क्यानाडा र मेक्सिकोले उत्तर अमेरिका व्यापार सम्झौताबाहिर संयुक्त राज्य अमेरिकामा प्रवेश गर्ने सामानहरूमा २५ प्रतिशतसम्मको अलग भन्सार शुल्कको सामना गर्ने भएकाले ती दुवै मुलुक पछिल्लो भन्सार शुल्कबाट अप्रभावित छन्।

प्रतिशोधको जोखिम

ट्रम्पको तहगत समयसीमाले देशहरूलाई वार्ता गर्न ठाउँ दिए पनि उनीहरूले छुट पाउन सक्दैनन् भने चीनले पहिले नै गरेजस्तै, उनीहरूले प्रतिशोध लिने सम्भावना रहेको अक्सफोर्ड इकोनोमिक्सले यस हप्ता चेतावनी दिएको छ। इयु व्यापार प्रमुख मारोस सेफ्कोभिचले २०–प्रतिशत कर दरको सामना गर्ने इयुले 'शान्त, सावधानीपूर्वक चरणबद्ध, एकीकृत तरिकाले' कार्य गर्ने र वार्ताका लागि समय दिने बताउनुभएको छ। यद्यपि उहाँले भन्नुभयो, 'हामी हात बाँधेर बस्दैनौँ।' इयुले अमेरिकी प्रविधि कम्पनीहरूमा कर लगाएर प्रतिक्रिया दिनसक्ने फ्रान्स र जर्मनीले बताएका छन्। जापानका प्रधानमन्त्री सिगेरु इसिबाले ट्रम्पले जापानी–निर्मित वस्तुहरूमा २४–प्रतिशत कर दर लगाएपछि 'शान्त दिमागको' दृष्टिकोण अपनाउन आह्वान गर्नुभयो। यसैबीच ट्रम्पले दक्षिणपूर्वी एसियाली उत्पादन केन्द्रबाट हुने आयातमा ४६ प्रतिशत अमेरिकी भन्सार शुल्कको सामना गर्नुपरेको भन्दै भियतनामका शीर्ष नेतासँग 'धेरै फलदायी' कुराकानी गरेको बताउनुभयो। राष्ट्रपति पदमा फर्केपछि ट्रम्पले क्यानाडा र मेक्सिकोबाट अवैध आप्रवासन र फेन्टानल लागुपदार्थका कारण आयातमा कर लगाउनुभएको छ र चीनबाट आउने वस्तुहरूमा थप २०–प्रतिशत दर लगाउनुभएको छ। अप्रिल ९ सम्ममा चिनियाँ उत्पादनहरूमा यस वर्ष थपिएको कर दर ५४ प्रतिशत पुग्नेछ।

ट्रम्पको २५–प्रतिशत अटो कर पनि यस हप्ता लागू भयो र जीप–मालिक स्टेलान्टिसले केही क्यानाडाली र मेक्सिकाली एसेम्बली प्लान्टहरूमा उत्पादन रोकेको छ। सेन्टर फर स्ट्रेटेजिक एन्ड इन्टरनेसनल स्टडिजका अनुसार ट्रम्पको नयाँ विश्वव्यापी करहरू विश्वव्यापी व्यापार युद्धलाई ट्रिगर गर्ने र महामन्दीलाई गहिरो बनाउनका लागि सबैभन्दा बढी सम्झना गरिने स्मुट–हेली शुल्क ऐन, १९३० को कानूनपछिको सबैभन्दा व्यापक कर वृद्धि हो। अक्सफोर्ड इकोनोमिक्सको अनुमान अनुसार यस कार्यले औसत प्रभावकारी अमेरिकी कर दर २४ प्रतिशत पुऱ्याउनेछ र यो सन् १९३० को दशकमा देखिएको भन्दा पनि उच्च हो।

**फ्रान्सेली विदेशी भूभागमा कर कटौती**

वासिङ्टनले यस हप्ताको सुरुमा सूचीबद्ध गरिएका दुई फ्रान्सेली विदेशी क्षेत्रमा योजनाबद्ध कर घटाएको छ। बुधबार प्रकाशित देश र क्षेत्रहरूको सूचीमा ट्रम्पको ह्वाइट हाउसले हिन्द महासागरको क्षेत्र ला रियुनियनबाट आयातमा ३७ प्रतिशत र उत्तरी अटलान्टिकमा रहेको सानो सेन्ट– पिएरे– एट– मिक्वेलनबाट आउने वस्तुहरूमा ५० प्रतिशत शुल्क लगाउने जनाएको थियो। शुक्रबार उपलब्ध गराइएको सूचीको संस्करण अनुसार युरोपेली सङ्घ (इयु) को साझा भन्सार क्षेत्रको हिस्सा तर कर उद्देश्यका लागि छुट्टै क्षेत्र मानिने ला रियुनियनले त्यसको साटो १० प्रतिशत करको सामना गर्नेछ।

प्राविधिक रूपमा युरोपेली सङ्घ (इयु) को हिस्सा नभएको सेन्ट–पिएरे–एट–मिक्वेलन पनि त्यही शुल्कको प्रभावमा पर्नेछ। यसले ती दुई क्षेत्रलाई अन्य फ्रान्सेली विदेशी भू–भागहरू ग्वाडेलुप, मार्टिनिक, फ्रेन्च गुयाना र मायोटेसँग समान स्थितिमा ल्याउनेछ। ला रियुनियनका क्षेत्रीय अध्यक्ष ह्युगेट बेल्लोले बुधबार प्रारम्भिक कर दरबारे थाहा पाएपछि ट्रम्पलाई 'अज्ञानी' भन्दै आलोचना गर्नुभएको थियो भने सेन्ट– पिएरे– एट– मिक्वेलनका सांसद स्टेफन लेनोर्मनले 'अमेरिकी प्रशासनमा अक्षमता' भनेर आक्रमण गर्नुभएको थियो। एएफपी

# चीनसँगको व्यापार घाटा घटाऔँ

**काठमाडौँ ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले चीनसँगको व्यापारमा नेपालको ठूलो व्यापार घाटा रहेकाले घटाउनुपर्नेमा जोड दिएका छन् ।
नेपाल हिमालय सीमापार वाणिज्य सङ्घको २५औँ वार्षिक साधारणसभा तथा रजत जयन्ती समारोहलाई सम्बोधन गर्दै उनले यसलाई कम गर्न नेपाली उत्पादनको निर्यात बढाउनु अत्यावश्यक रहेको र जडीबुटी, हस्तकला, कृषि उत्पादन, तयारी पोसाक जस्ता क्षेत्रमा विशेष जोड दिनुपर्ने बताए ।
'नेपाली उत्पादनहरूको प्रवद्र्धनमा सङ्घले अग्रणी भूमिका खेल्न सक्छ, नेपाली वस्तु तथा सेवाको विविधीकरण, गुणस्तर सुधार र 'ब्रान्डिङ'मा जोड दिनुपर्छ, चिनियाँ बजारमा नेपाली उत्पादनको पहुँच बढाउन सरकारका तर्फबाट विभिन्न व्यापार मेला तथा प्रदर्शनीमा सहभागितालाई प्रोत्साहन गरिँदैछ, चीनसँगको व्यापारमा नेपाली व्यवसायीलाई सहजीकरण गर्न विदेशी विनिमय नीतिमा केही लचकता ल्याइएको छ, चिनियाँ भाषा, व्यापारिक संस्कृति र प्रक्रियाबारे जानकारी दिन विभिन्न तालिम कार्यक्रम सञ्चालन गरिएका छन्,' उनले भने ।
मन्त्री भण्डारीले नेपाल सरकारले नेपाल–चीन व्यापारलाई सहज बनाउन तातोपानी र रसुवागढी नाकाको स्तरोन्नति तथा पूर्वाधार विकासका लागि बजेट विनियोजन गरेको, चीनसँगको व्यापारलाई सहज बनाउन 'नेपाल–चीन व्यापार सहजीकरण समिति' गठन गरेको, सीमापार व्यापारलाई सहज बनाउन विद्युतीय भुक्तानी प्रणालीलाई प्रोत्साहन गरेको, रसुवागढी–केरुङ नाकामा सुक्खा बन्दरगाह निर्माणको कार्य अघि बढाएको, 'एक स्टेसन, एक उत्पादन' कार्यक्रममार्फत स्थानीय उत्पादनलाई प्रोत्साहन गरेको र नेपाली उत्पादनहरूको गुणस्तर सुधारका लागि प्राविधिक सहयोग प्रदान गरेको जानकारी दिए ।
यस्तै उनले कोरला, हिल्सा, किमाथाङ्का, ओलाङचुङगोला जस्ता नाकाको विकासका लागि पनि सरकारले कार्ययोजना तयार पारेको बताए । उनले भने, 'सरकार सधैँ निजी क्षेत्रको साथमा छ र हामी मिलेर नेपालको व्यापार क्षेत्रलाई नयाँ उचाइमा पु¥याउन सक्छौँ भन्ने विश्वास राख्दछु, चीनसँगको व्यापारलाई सन्तुलित, दिगो र पारस्परिक लाभदायक बनाउन सरकारी र निजी क्षेत्रको सहकार्य अपरिहार्य छ ।'
मन्त्री भण्डारीले सङ्घले स्थापनाकालदेखि वर्तमानसम्मको यात्रा तय गरेर यहाँसम्म आइपुग्दा नेपाल–चीन द्विपक्षीय व्यापार अभिवृद्धि, जनसमुदायबीचको सम्बन्ध सुदृढीकरण तथा औद्योगिक सम्बन्ध प्रवद्र्धनमा अतुलनीय योगदान प्रदान गर्दै आएको बताए । सरकारी निकायसँगको समन्वयमा वाणिज्य कूटनीतिलाई बढावा दिन सङ्घले महत्वपूर्ण भूमिका खेल्न सक्ने मन्त्री भण्डारीको भनाइ थियो । चीनका विभिन्न प्रान्त र सहरमा नेपाली उत्पादनको पहुँच बढाउन व्यापारिक 'मिसन', प्रदर्शनी र सांस्कृतिक आदानप्रदानका कार्यक्रम आयोजना गर्न सकिने उनले बताए ।
उनले सरकारलाई व्यापारसम्बन्धी नीति निर्माणमा व्यावहारिक सुझाव दिन सङ्घले निरन्तर रूपमा अध्ययन, अनुसन्धान र छलफल गर्नुपर्नेमा जोड दिए । मन्त्री भण्डारीले भने, 'चिनियाँ व्यापारिक सङ्घसंस्थासँग समन्वय र सहकार्य बढाउनुपर्छ, चिनियाँ लगानीकर्तालाई नेपालमा लगानी गर्न आकर्षित गर्न पनि सङ्घले महत्वपूर्ण भूमिका खेल्न सक्छ ।'

# आयोगका पदाधिकारी छनौट प्रक्रियामा सुझाव दिन आग्रह

**काठमाडौँ ।**
बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिस समितिले पदाधिकारी छनौट प्रक्रियाका बारेमा आफ्ना राय सुझाव उपलब्ध गराउन आग्रह गरेको छ ।
समितिको शुक्रबारको बैठकले ती आयोगका अध्यक्ष तथा सदस्यको नाम सिफारिससम्बन्धी छनौट प्रक्रिया, २०८१ को मस्यौदामा सार्वजनिक रूपमा राय, प्रतिक्रिया माग गर्ने निर्णय भएको जनाएको छ । सोही निर्णयका आधारमा आफ्ना राय सुझाव पठाउन आग्रह गरिएको समितिका प्रवक्ता डा लीली थापाले जानकारी दिए ।
समितिले तयार पारेको मस्यौदा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको वेबसाइट र कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयको सूचना पाटीमासमेत प्रकाशन गरिएको जनाएको छ । सो मस्यौदा माथि यही चैत २६ गतेभित्र आफ्ना सुझाव पठाउन सकिने उल्लेख छ । रासस

# जनमतबाट चाहेजस्तो व्यवस्था ल्याउन पूर्वराजालाई चुनौती



**झापा ।**
नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले चुनावबाट जनमत सावित गरेर चाहेजस्तो व्यवस्था ल्याउन पूर्वराजालाई चुनौती दिनुभएको छ । झापाको मेचीनगर, धुलाबारीमा पार्टीले आयोजित गरेको क्षेत्रीय प्रशिक्षण कार्यक्रममा शनिबार उनले पूर्वराजा ज्ञानेन्द्र शाहलाई आपूmसँग जनता छन् भन्ने लागेको भए २०८४ सालको चुनावमा 'श्रीपेच चुनाव चिह्न' लिएर दुई तिहाई जनमत ल्याएर व्यवस्था बदल्न चुनौती दिए ।
महामन्त्री शर्माले भन्नुभयो, 'चौरासी सालमा चुनाव हुँदैछ । यदि तपाईलाई आफूसँग जनता छन् भन्ने लागेको छ भने श्रीपेच चुनाव चिह्नमा मत माग्नुहोस् । दुई तिहाई ल्याएर जनता आफूसँग भएको देखाउनुहोस्, अनि संविधान संशोधन गरेर चाहेको व्यवस्था गर्नुस् तर त्यसबाहेकका उपायद्वारा देशलाई अराजकतातिर लिने प्रयास स्वीकार्य हुँदैन ।'
संविधानसभाको पहिलो बैठकले विधिवत् रूपमा लोकतान्त्रिक गणतन्त्रको घोषणा गरेको स्मरण गर्दै उनले सडकमा केही समर्थक उतार्दैमा राजावादीले संविधानसभाको निर्णय उल्ट्याउन नसक्ने बताउनु भयो । 'संविधानसभाको निर्णय बदल्ने उपाय भनेको विधिवत् ढङ्गले संविधानको संशोधन हो । त्यसो गर्न चुनावमा दुई तिहाई बहुमत ल्याउनैपर्छ,' महामन्त्री शर्माको भनाइ थियो, 'हिजो राजाको पालामा जस्तो संविधान संशोधनको अधिकार कसैको हुकुम र हातमा नभएको हेक्का राख्न मेरो चेतावनी छ । सडकमा मान्छे उतार्दै आकाशतिर फर्केर मेरा जनता यति छन् र उति छन् भनेर अनुमान गरेको भरमा जनमत यकिन हुँदैन ।' उनले नेपाली जनताले कुन वंशको गर्भबाट जन्मेको भन्ने आधारमा नभइ कस्तो कर्म गरेको भन्ने आधारमा आफ्ना प्रतिनिधि चुन्ने गरेको धारणा राखे ।

# थाइल्याण्ड भ्रमण र बिम्स्टेक सम्मेलनमा सहभागिता सफल र सार्थकः प्रधानमन्त्री



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो थाइल्याण्डको औपचारिक भ्रमण तथा बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) छैटौँ शिखर सम्मेलनमा सहभागिता अत्यन्त सफल एवम् सार्थक रहेको बताएका छन् ।
थाइल्याण्डको औपचारिक भ्रमण सम्पन्न गरी स्वदेश फर्केपछि त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा शनिबार आयोजित पत्रकार सम्मेलनमा उनले आफ्नो भ्रमणबाट दुई मुलुकबीच रहिआएको द्विपक्षीय सम्बन्धले थप उचाइ हासिल गरेको बताए ।
प्रधानमन्त्री ओलीले थाइ समकक्षी पे थोङ् थान् शिनावातसँगको भेटमा दुई देशबीच व्यापार तथा लगानी, कृषि, पर्यटन तथा संस्कृति, शिक्षा तथा मानव संशाधन विकासलगायत आपसी हितका क्षेत्रीय एवम् बहुपक्षीय मामिलामा सहयोग र सहकार्य गर्ने विषयमा फलदायी कुराकानी भएको जानकारी दिए । उनले बौद्ध धर्म एवम् दर्शनले जोडेको सांस्कृतिक सम्बन्ध एवम् छ दशकभन्दा लामो द्विपक्षीय घनिष्ठ कूटनीतिक सम्बन्धलाई थप सुदृढ बनाउने र यसको जगमा उभिएर दुई देशबीचको आर्थिक सम्बन्धलाई पनि समयानुकूल फराकिलो र गहिरो बनाउँदै दुई देशबीच सहमति भएको बताए । प्रधानमन्त्री ओलीले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय लक्ष्य प्राप्तिमा नेपाललाई थाइल्याण्ड सरकारको सक्दो सहयोग रहने प्रतिबद्धता प्राप्त भएको जानकारी दिए । उनले कृषि, पर्यटन, पूर्वाधार विकास, सूचना प्रविधिलगायत क्षेत्रमा सहयोग गर्न थाइल्याण्ड सरकार तयार रहेको जानकारी दिए ।
'द्विपक्षीय सम्बन्ध सुदृढीकरण साथसाथै जलवायु परिवर्तन, दिगो विकास, विश्व शान्तिलगायतका साझा चासोका विषयमा क्षेत्रीय तथा बहुपक्षीय मञ्चहरूमा पनि आपसी सहयोग र सहकार्य थप बलियो र प्रभावकारी बनाउँदै जाने कुरामा दुवै पक्षबीच सहमति भएको छ,' प्रधानमन्त्री ओलीले भने । उनले भ्रमणका अवसरमा नेपाल सरकार र थाइल्याण्ड सरकारबीच आपसी सहयोग आदानप्रदान गर्ने सन्दर्भमा पर्यटन क्षेत्रमा सहयोग र सांस्कृतिक सहयोगसम्बन्धी सम्झौता एवम् निजी क्षेत्रसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको जानकारी दिए । प्रधानमन्त्री ओलीले आफूले थाइल्याण्डका प्रधानमन्त्री शिनावातलाई नेपाल भ्रमणको निम्ता दिएको जानकारी दिँदै उनीबाट चाँडै नै नेपालको भ्रमण हुने अपेक्षा राखेको बताए ।
प्रधानमन्त्री ओलीले बिम्स्टिेक सम्मेलनलाई सम्बोधन गर्दै बङ्गालको खाडी र विश्वभर सघन परिवर्तन आएको र आर्थिक असमानता, बढ्दो वातावरणीय जोखिम, राजनीतिक अनिश्चितता जस्ता साझा वैश्विक चुनौतीको सामना गर्न क्षेत्रीय सहकार्यलाई अझ सशक्त बनाउनुपर्नेमा जोड दिएको बताए । 'शिखर सम्मेलनको नारा 'समृद्ध, उत्थानशील र खुला बिम्स्टेक' ले दिगो विकासका लक्ष्यहरु प्रतिबिम्बित गर्नुकासाथै नेपालको राष्ट्रिय आकाङ्क्षा 'समृद्ध नेपाल, सुखी नेपाली' लाई समेत प्रतिध्वनित गरेको कुरा मैले चर्चा गरेँ,' उनले भने ।
प्रधानमन्त्री ओलीले वातावरणीय एवम् अन्य क्षेत्रीय, अन्तरराष्ट्रिय चुनौतीबारे छलफल गर्न नेपालले आयोजना गर्न लागेको सगरमाथा संवादको पहिलो संस्करणमा सहभागिताका लागि बिम्स्टेक राष्ट्रका समकक्षीलाई पुनः आमन्त्रण गरेको जानकारी दिए । उनले सम्बोधनका क्रममा जलवायु परिवर्तनले समस्त मानव समुदायको अस्तित्वलाई नै



खतरामा पारेको र एसियाको चिस्यान केन्द्र तथा विश्वको ताप शोषकका रुपमा रहेको नेपालको हिमशृङ्खलामा जलवायु परिवर्तनको असर अझ अत्यधिक रहेको उल्लेख गरेको बताए । भ्रमणका क्रममा म्यानमार र थाइल्याण्डमा महाभूकम्पका कारण ठूलो जनधनको क्षति भएकामा नेपाल सरकार, नेपाली जनता र आफ्नोतर्फबाट समवेदना प्रकट गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको उल्लेख गरे । प्रधानमन्त्री ओलीले बिम्स्टेक क्षेत्रको विकास, समृद्धि र दिगोपनाको लागि 'बिम्स्टिेक भिजन २०३०' कार्यान्वयन गर्ने, क्षेत्रीयरुपमा उपलब्ध आर्थिक वृद्धिका अवसरहरुलाई उपयोग गर्नेलगायत विषय समेटिएको बैंकक घोषणापत्र जारी भएको बताए ।
उनले शिखर सम्मेलनअघि बिम्स्टिेकको मन्त्रीस्तरीय बैठकले मानव स्रोत विकास, सार्वजनिक स्वास्थ्य, शिक्षा, विज्ञान तथा प्रविधि, जलवायु परिवर्तनसम्बन्धी कार्ययोजनालाई पारित गरी यथाशीघ्र कार्यान्वयनमा लैजान जोड दिएको स्पष्ट पारे । प्रधानमन्त्री ओलीले भ्रमणका क्रममा नेपाली र थाइ व्यवसायीसँग नेपालमा वैदेशिक लगानीका लागि उपयुक्त कानूनी, सामाजिक र आर्थिक वातावरण रहेको र वैदेशिक लगानीलाई सरल, सहज, सुरक्षित एवम् प्रतिफलमुखी बनाउन नेपाल सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै लगानीका लागि आग्रह गरेको भनाइ राखे । पत्रकार सम्मेलनमा प्रधानमन्त्री ओलीका तर्फबाट तयार गरिएको प्रेस नोट परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले वाचन गरेका थिए ।
प्रधानमन्त्री ओलीले बिम्स्टिेक शिखर सम्मेलनका क्रममा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, श्रीलङ्काका प्रधानमन्त्री डा. हरिणी अमरसुर्या, भुटानका प्रधानमन्त्री छिरिङ तोब्गे र म्यानमारका प्रधानमन्त्री मिन आङ ल्हाङ्गसँग भेटवार्ता गरेका थिए । भेटमा प्रधानमन्त्रीले नेपाल र ती मुलुकहरूबीच कायम रहँदै आएको मैत्रिपूर्ण सम्बन्धलाई अझ प्रगाढ बनाउने एवम् द्विपक्षीय सम्बन्धका साथै बिम्स्टेक लगायत क्षेत्रीय तथा अन्य बहुपक्षीय सहयोग र सहकार्य थप सुदृढ बनाउँदै लैजाने विषयमा छलफल गरेका थिए ।
प्रधानमन्त्री ओली थाइल्याण्डका प्रधानमन्त्री शिनावात्को मैत्रिपूर्ण निमन्त्रणामा चैत १९ गते थाइल्याण्डको औपचारिक भ्रमण तथा बिम्स्टिेकको छैटौँ शिखर सम्मेलनमा सहभागी हुन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै त्यसतर्फ प्रस्थान गरेका थिए ।

लगानी र सहकार्यका सम्भावना खुलेका छन्

प्रधानमन्त्री केपी शर्मा ओलीले थाइल्याण्डको पहिलो औपचारिक भ्रमणबाट नेपालमा लगानी र सहकार्यवृद्धिका सम्भावनाका ढोकाहरु खुलेको बताएका छन् । बाह्रखरी अनलाइनले शनिबार गोकर्णमा आयोजना गरेको 'एनसेल–बाह्रखरी गल्फ तथा आर्थिक सङ्गोष्ठी' मा प्रधानमन्त्री ओलीले भ्रमणका क्रममा नेपाली र थाइल्याण्डका व्यावसायिक समुदायबीचको अनुभव आदानप्रदान र विभिन्न सम्झौता हुनु अन्यन्त फलदायी कार्य भएको बताएका हुन् ।
थाइल्याण्डको पहिलो औपचारिक भ्रमण र बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक)को छैटौँ शिखर सम्मेलनमा सहभागी भई स्वदेश फर्किएलगत्तै गोकर्णमा आयोजित कार्यक्रममा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले ४० प्रतिशतको हाराहारीमा युवा जनसंख्या रहेको स्थितिमा भएका स्रोत साधनको प्रयोग गरे दक्ष जनशक्ति तयार गर्दै विकासको गति तीव्र बनाउनुपर्ने बताए ।
'देशमा काम गर्न नदिने र छेक्ने मनोदशा भएमा विकासको गति रोकिन्छ । तीव्र रुपमा काम हुनका लागि सबैमा देशभक्ति हुनुपर्छ । हामीले राम्रा कानुन बनाइ ती कानुनको सही रुपमा कार्यान्वयन हुनुपर्छ,' प्रधानमन्त्री ओलीले भने, 'जनताको सरकारसँग भेट हुनेबित्तिकै बैरभाव हुने स्थिति अन्त्य गर्नुपर्छ । हामीले सुशासन र सेवा प्रवाहका क्षेत्रमा प्रयास गरिरहेका छौँ । सम्भावनाहरु धेरै राम्रा छन् । थाइल्याण्डको भ्रमणबाट पनि त्यो ढोकाहरु खुलेको छ ।'
प्रधानमन्त्री ओलीले आफूले डिजिटल नेपालको फ्रेमवर्क कार्यान्वयनमा ल्याएको स्मरण गर्दै यस क्षेत्रमा दक्ष र रोजगारमूलक जनशक्तिको संख्या वृद्धि गरेर सूचना प्रविधिको प्रयोगबाट आर्थिक लाभ लिनसक्ने वातावरण बनाउनुपर्नेमा जोड दिए । कार्यक्रममा नेपाली कांग्रेसका महामन्त्री गगन थापाले सूचना प्रविधिको उपयोगबाट उत्पादन र उत्पादकत्व बढाउन संसद्बाट हालै पारित भएको विधेयकबाट आधार तय भएको उल्लेख गर्दै सूचना प्रविधिको व्यापकताबाट आर्थिक समृद्धिमा लाग्नुपर्नेमा जोड दिए ।

नेपाल–भारत सम्बन्ध सुदृढ गर्दै लैजान्छौँ

प्रधानमन्त्री केपी शर्मा ओलीले भारतीय समकक्षी नरेन्द्र मोदीसँगको भेटमा नेपाल–भारतबीचको सम्बन्धलाई अझ व्यापक, विस्तृत र सुदृढ गर्दै लैजाने अठोट व्यक्त भएको बताएका छन् । थाइल्याण्डको औपचारिक भ्रमण तथा बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) छैटौँ शिखर सम्मेलनमा सहभागी भई स्वदेश फर्केपछि त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा आज आयोजित पत्रकार सम्मेलनमा उनले समकक्षीसँगको भेट निकै फलदायी भएको र आफू खुसी भएको प्रतिक्रिया दिए ।
'छिमेकमा कुनै सानातिना समस्या त देखिन सक्छन्, त्यस्तो भइहालेमा एकापसमा संवाद गरिहाल्ने र तिनलाई टुङ्ग्याउने भन्नेमा यसपटक हामीले एउटा गहिरो समझदारी गरेका छौँ,' सञ्चारकर्मीको जिज्ञासामा प्रधानमन्त्री ओलीले भने, 'यो भेटघाट फलदायी भयो र म खुसी छु, उनको कुराकानीबाट उन (मोदी) पनि खुसी हुनुहुन्छ भन्ने मैले पाएको छु ।'
प्रधानमन्त्री ओलीले भारतीय समकक्षीसँगको भेटवार्तामा पारस्परिक सहयोगका विभिन्न क्षेत्रमा सहकार्यसम्बन्धी विचारविमर्श भएको जानकारी दिए । उनले भने, 'भेटमा लगानी र व्यापारका क्षेत्र, बहुउद्देश्यीय पञ्चेश्वर आयोजना, र दोधराचाँदनीमा महाकालीबाट सिँचाइ गर्नेलगायत द्विपक्षीय पारस्परिक हितका विषयमा कुराकानी भए ।' प्रधानमन्त्री ओलीले नेपालले आयोजना गरेको सगरमाथा संवादमा भारतीय प्रधानमन्त्री आउन नभ्याउने जानकारी दिँदै कार्यक्रममा भारतबाट उच्चस्तरका सहभागिता हुने बताए । 'मोदीजी आउन भ्याउनुहुन्न, यसकारण कि उनको पहिले नै त्यसैबेला युरोप जाने कार्यक्रम तय भइसकेको रहेछ, त्यसकारण उन यहाँ आउन सक्नुहुन्न तर भारतको राम्रैस्तरबाट प्रतिनिधित्व हुन्छ ।'
फरक प्रसङ्गमा प्रधानमन्त्री ओलीले आन्दोलनरत शिक्षकले उठाएका विषयलाई सरकारले सकारात्मक रुपमा ग्रहण गरी सम्बोधन गर्ने बताए । उनले भने, 'सरकारले सुन्छ भन्ने उनहरुलाई विश्वास छ, त्यसकारण आउनुभएको हो, हामी कुराकानी पनि गर्छौं, सरकारले उनहरुको कुरा पनि सुन्छ ।'
शिक्षकले राखेका मागका सम्बन्धमा के–कति गर्न सकिन्छ के कस्तो गर्नुपर्छ भन्ने कुरा परस्परमा बसेर छलफल गरेर टुङ्गिने विश्वास दिलाउनुभयो । 'धेरै यसमा उनहरुले पनि दुःख नपाए हुन्छ, सरकारले कुनै नकारात्मक दृष्टिकोण राख्दै राख्दैन, किन राख्नु परेको छ र ?,' उनले भने, 'शिक्षकका समस्या टुङ्गिन्छ ।' सरकारले चैत १५ गते तीनकुनेमा भएको घटनाको निष्पक्ष छानबिन गरिरहेको उनले जानकारी दिए । रासस



थ्रेसरको सहायताले गहुँ झार्दै किसानः धनुषाको विदेह नगरपालिका–५ एकराहीमा थ्रेसरको सहायताले गहुँ झार्दै किसान । परम्परागत विधिभन्दा आधुनिक प्रविधिको प्रयोग गर्दा कृषि कार्य गर्न सहज भएको किसान बताउँछन् । तस्बिरः अमरेन्द्रकुमार यादव

# व्यास नगरपालिकाको ‘शीतभण्डार’ सञ्चालनमा

**तनहुँ ।**
व्यास नगरपालिका–११ गैह्राबारीमा तीन रोपनी क्षेत्रफलमा निर्माण गरिएको शीतभण्डार शुक्रबारदेखि औपचारिक रूपमा सञ्चालनमा ल्याइएको छ । व्यासनगर प्रमुख बैकुण्ठ न्यौपानेले आलु भण्डारण गरेर सो शीतभण्डार उद्घाटन गरे । एक सय तीस मेट्रिक टन क्षमताको भण्डार गण्डकी प्रदेश सरकार र व्यास नगरपालिकाको संयुक्त लगानीमा शीतभण्डार निर्माण गरिएको हो ।

शीतभण्डार निर्माणका लागि विसं २०७८ भदौ १३ गते निर्माण कम्पनीले सम्झौता गरी निर्माणकार्य अघि बढाइएको थियो । विद्युत् प्राधिकरणले थ्री फेजको ट्रान्समिटर जडान गरेपछि शीतभण्डार सञ्चालनमा ल्याइएको व्यास नगरपालिका योजना शाखा अधिकृत भेषराज तिवारीले जानकारी दिए ।

उनका अनुसार प्रारम्भिक ठेक्का रकम एक करोड ६२ लाख ३२ हजार दुई सय ४६ रुपैयाँ रहेकामा थप उन्नाइस लाख ९८ हजार छ सय २७ रुपैयाँ वृद्धि भई करसहित कूल लागत १ करोड ९१ लाख ३२ हजार सात सय २२ रुपैयाँ पुगेको छ । विसं २०८० असोज महिनामा पहिलो चरणको निर्माणकार्य सम्पन्न गरी गत असार मसान्तभित्र दोस्रो चरणमा कमाउण्ड, प्रवेशद्वार, शौचालय लगायतका भौतिक संरचना निर्माण गरिसकिएको छ ।

भवन लगायतका भौतिक संरचना निर्माणकार्य यसअघि नै सम्पन्न गरिए पनि विद्युत् ट्रान्समिटर जडान कार्यमा ढिलाइ हुँदा सञ्चालनमा ढिलाइ हुन गएको प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले जानकारी दिए । वर्षौंदेखि व्यक्तिले कब्जा गरी भोगचलान गर्दै आएको सार्वजनिक जग्गा नगरपालिकाले संरक्षण गरी शीतभण्डार निर्माण गरेको हो । यस आर्थिक वर्षदेखि व्यास नगरपालिकामा उत्पादन भएका आलु, सुन्तला लगायतका फलफूल र तरकारी स्टोरमा राख्ने गरी सञ्चालनमा ल्याइको छ ।

नगरपालिकामा शीतभण्डार निर्माण भएपछि वार्षिक करिब चार–पाँच करोड रुपैयाँ बाहिरिनबाट रोकिने व्यास नगरप्रमुख न्यौपानेले बताए । व्यासमा चिस्यान केन्द्र सञ्चालनमा ल्याएपछि आलु, फलफूल, तरकारीलगायतका वस्तु शीतभण्डारमा राख्नका लागि पोखरा र चितवन लैजानुपर्ने समस्याको अन्त्य हुने उनको विश्वास छ । यस शीतभण्डार सञ्चालनमा आएसँगै कृषि उपज भण्डारणमा सहज हुने भएपछि यहाँका किसान उत्साहित भएका छन् । विशेष गरी आलु, तरकारी तथा अन्य कृषि उपजको दीर्घकालीन भण्डारण गरी बजारमा मूल्य सन्तुलन कायम गर्न शीतभण्डारको महत्त्वपूर्ण हुने नगरपालिकाले जनाएको छ । रासस

# ‘एक वडा–एक कृषि उत्पादन कार्यक्रम’ कार्यान्वयन

**काभ्रे ।**
बागमती प्रदेश सरकार कृषि तथा पशुपक्षी विकास मन्त्रालय, कृषि विकास निर्देशनालयद्वारा सञ्चालित कृषि उत्पादनमा स्वनिर्भर वडा निर्माण अभियानअन्तरगत समुदायमा आधारित ‘एक वडा–एक कृषि उत्पादन कार्यक्रम’ कार्यान्वयन भइरहेको छ ।

जिल्ला कृषि विकास कार्यालय काभ्रेपलाञ्चोकमार्फत चालु आर्थिक वर्षमा ११ कार्यक्रम रहेकोमा हालसम्म सातवटा सम्झौता भई काम थालनी भएको छ । बाँकी कार्यक्रम कार्यान्वयनको चरणमा रहेको कार्यालयले जनाएको छ ।

उक्त कार्यक्रमअन्तर्गत जिल्लाको महभारत गाउँपालिका–५ र खानीखोला–२ मा कफीखेती कार्यक्रम लागू भइसकेको छ, भने बेथानचोक गाउँपालिका–२ मा तरकारीखेती यस हप्ता सम्झौता गरिएको छ । वडास्तरमा सञ्चालित यस कार्यक्रममा कृषि कार्यालयको कार्यालय प्रमुख कुलप्रसाद दवाडीले सम्झौता गरेका छन भने स्थानीय तहको तर्फबाट जन्नतिनिधिले हस्ताक्षर गरेका छन ।

प्रदेश सरकारले कार्यालयमार्फत पहिलो पटकका लागि बेथानचोक–२ का लागि ६६ लाख ९९ हजार एक सय ९६ रुपैयाँ बराबरको कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको हो । गाउँपालिकाले २० प्रतिशत अर्थात् १३ लाख ३३ हजार तीन सय ४० रुपैयाँ तथा बाँकी २० प्रतिशत अर्थात् १३ लाख ६९ हजार आठ सय ३९ रुपैयाँ समूहले योगदान गर्ने प्रतिबद्धता जनाइएको छ ।

गाउँपालिकाले ब्यहोर्ने रकम बापतको १३ लाख ३३ हजार तीन सय ४० रुपैयाँ प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयमा जम्मा भइसकेको जनाइएको छ । कार्यविधिअनुसार बेथानचोकमा महाभारत किसान समूहसँग अधिकतम् पाँच वर्षसम्म कार्यक्रम सञ्चालन गर्न सकिने उल्लेख गरिएको छ ।

यसका लागि समूहले पाँच वर्षसम्मको कार्यक्रम र कार्ययोजना तयार गरिसकेको गाउँपालिका अध्यक्ष भगवान घिमिरेले बताए । हाललाई तरकारी उत्पादन प्रविधिमा आधारित क्रियाकलाप बाँस र फलामका प्लाष्टिक हाउस निर्माण, उन्नत बीउबिजन, मलखाद, स्थलगत तालिमलगायतका कार्य समावेश रहेको छ,भने आउँदा वर्षमा भण्डारणलगायतका बजारीकरणका थप क्रियाकलापमा जोड दिइने छ ।

कार्यालयका अनुसार अन्य दुई स्थानीमध्ये तह पनौती नगरपालिका–५ तथा भुम्लु गाउँपालिकाको १ नं वडामा उक्त कार्यक्रम लागू गरिएको छ । कार्यक्रम अनुसार पाँच वटा वडामा छ सय रोपनी जमिनमा तरकारी, कफी तथा किबी उत्पादनको काम गरिएको छ । कृषि विकास कार्यालय, स्थानीय तह तथा लाभग्राही समुदाय एवं सहकारीबीच त्रीपक्षीय सम्झौता गरेर कार्यक्रमको थालनी सुरु गरिएको हो ।

पनौती र बेथानचोकमा तरकारी, महाभारत र खानीखोलामा कफी तथा भुम्लुमा किबी उत्पादनका लागि छनोट भएका हुन् । कार्यक्रम सञ्चालननार्थ स्थानीय सहकारी संस्था एवं समुदायको समूहसँग सम्झौता गरिने छ । ‘समुदाय तथा सहकारी छनोट गरी सम्झौताकार्य भइरहेका छन्, मौसमी तथा बेमौसमी तरकारी छनोट गरी लगत्तै उत्पादन कार्यतर्फ लाग्नेछौँ,’ दवाडीले भने । उनका अनुसार कार्यक्रम लागू गर्न स्थानीय तहका जनप्रतिनिधि तथा समुदायबीच छलफल सम्पन्न गरिएका छन् । कार्याक्रमअन्तरगत एउटा वडाका लागि ६७ लाख रुपैयाँको हाराहारीमा उत्पादनकार्यमा लगानी भएका छन् ।

बागमती प्रदेश सरकारले चालु आवमा कृषि उत्पादनलाई प्राथमिकता दिँदै ‘एक वडा–एक कृषि कार्यक्रम’ अन्तरगत पाँच वर्षका लागि पशुपक्षी तथा मत्स्यजन्य उत्पादन कार्यक्रम सञ्चालनमा ल्याएको हो । साझेदारीमा सञ्चालन गरिने उक्त कार्यक्रम अन्तरगत कार्यालयले ६० प्रतिशत, स्थानीय तहले २० प्रतिशत तथा समुदाय वा सहकारीले २० प्रतिशत लागनी हुनेछ । रासस

# मानेभञ्ज्याङमा ‘तरकारी सिकाई केन्द्र’ स्थापना

**भोजपुर ।**
भोजपुरको रामप्रसादराई गाउँपालिका– ५ मानेभञ्ज्याङमा तरकारी सिकाई केन्द्र स्थापना गरिएको छ । किसानलाई तरकारीलगायत विभिन्न कृषि उपजको आधुनिक खेती प्रणालीको विषयमा अभ्यासमूलक ज्ञान प्रदान गर्न यहाँ सिकाई केन्द्र स्थापना गरिएको हो ।

गाउँपालिका र वडाको सक्रियतामा स्थापना गरिएको सिकाई केन्द्रमार्फत किसानलाई नविनतम् खेती प्रणालीको विषयमा जानकारी दिने कार्य भइरहेको वडाध्यक्ष जगत चौहानले बताए । सिकाई केन्द्रमा गोलभेडा, अकबरे खु◌ुर्सानी, काउली बन्दा, धनियाँ, मेथी, बैगुनलगायत नगदेबालीको व्यावसायिक र आधुनिक खेती प्रणालीको बारेमा किसानलाई अभ्यासमूलक सीप प्रदान गर्ने काम गरिएको वडाध्यक्ष चौहानको भनाइ छ ।

‘हामीले कृषि सिकाई केन्द्र स्थापना गरेर किसानलाई आवश्यक ज्ञान सीप प्रदान गरिरहेका छौँ,’ वडाध्यक्ष चौहानले भने, ‘किसानमा खेती प्रणालीसम्बन्धी ज्ञान नहुँदा धेरै समस्या छ । कृषि प्राविधिकको प्रत्यक्ष निगरानीमा यहाँका काम हुने भएको किसानलाई नविनतम् खेती प्रणालीको विषयमा ज्ञान लिन सहज छ ।’ यहाँ करिब साढे पाँच रोपनी क्षेत्रमा सिकाई केन्द्र स्थापना गरी विभिन्न जातका तरकारीको नमूनाखेती गरिएको छ ।

तरकारीखेती गर्न इच्छुक किसानले यहाँ आएर ज्ञान, सीप लिँदै आएका छन् । सिकाई केन्द्र स्थापनाले व्यावसायिक र आधुनिक खेती गर्न धेरै ज्ञान प्राप्त गर्ने अवसर मिलेकोको स्थानीय किसान दलबहादुर खत्रीले बताए । ‘यहाँका करिब साढे पाँच रोपनी क्षेत्रमा नमूना तरकारीखेती भइरहेको छ,’ किसान खत्रीले भने, ‘हामीले तरकारी बालीमा लाग्ने रोग, कीरासँगै आधुनिकखेती प्रणालीको बारेमा जानकारी नहुँदा समस्या थियो । अहिले सिकाई केन्द्रमा आएर आवश्यक जानकारी लिन पाएका छौँ ।’

मानेभञ्ज्याङमा किसानलाई आधुनिक कृषि प्रणालीको विषयमा अभ्यासमूलक ज्ञान प्रदान गर्नको लागि रु दुई लाखको लागतमा तरकारी सिकाई केन्द्र स्थापना गरिएको गाउँपालिकाका कृषि शाखा प्रमुख धीरज ठाकुरले बताए । सिकाई केन्द्रबाट आधुनिक खेती प्रणालीसँगै जैविक मल, विषाधिको प्रयोग तथा बनाउनेको लागिसमेत ज्ञान दिइएको उनको भनाइ छ ।

‘व्यावसायिक तरकारी खेतीबाट पनि किसानले राम्रो आम्दानी लिन सक्छन,’ शाखा प्रमुख ठाकुरले भने, ‘कतिपय किसानमा खेती प्रणालीको विषयमा सामान्य जानकारी नहुँदा समस्या छ । किसानलाई स्थलगत रुपमा नै प्राविधिक ज्ञान दिन सिकाइ केन्द्र स्थापना गरेका हौँ । यहाँबाट उहाँहरूलाई खेती प्रणालीमा आवश्यक पर्ने ज्ञान, सीप प्रदान गर्दै आएका छौँ ।’ गाउँपालिकाले दश लाख रुपैयाँ बजेट विनियोजन गरेर यो वर्ष पाँच वटा वडामा तरकारी सिकाई केन्द्र स्थापना गरेको गाउँपालिका अध्यक्ष थामबहादुर राईले बताए । एक वडा एक सिकाई स्थापना गर्ने लक्ष्यले कार्यक्रम सञ्चालन भइरहेको उनको भनाइ छ ।

‘कृषि क्षेत्रको विकासका लागि एक वडा एक सिकाई केन्द्र स्थापनाको कार्यक्रम सञ्चालन गरिरहेका छौँ,’ अध्यक्ष राईले भने, ‘किसानलाई व्यावसायिक र आधुनिक खेती प्रणालीमा जोडन् यो कार्यक्रम सञ्चालन गरेका हौँ ।’ रासस

# भूकम्पमा मर्नेको संख्या ३३०० नाघ्यो



**म्यान्मा ।**
म्यान्मामा ठूलो भूकम्पबाट मर्नेहरूको संख्या तीन हजार तीन सयभन्दा माथि पुगेको सरकारी मिडियाले शनिबार बताएको छ । संयुक्त राष्ट्रसङ्घका सहायता प्रमुखले विश्वसामु विपद्ग्रस्त राष्ट्रलाई सहयोग गर्न नयाँ आह्वान गरेका छन् ।

मार्च २८ को भूकम्पले देशभरका भवन र पूर्वाधारहरू ध्वस्त पारेको छ । यसको परिणामस्वरूप तीन हजार तीन सय ५४ जनाको मृत्यु र चार हजार पाँच सय आठ जना घाइते भएको तथा दुई सय २० जना बेपत्ता भएको सरकारी मिडियाले प्रकाशित गरेको नयाँ तथ्याङ्कले जनाएको छ । विपद् भएको एक हप्ताभन्दा बढी समयपछि पनि देशका धेरै मानिस अझै आश्रयविहीन छन्, या त तिनीहरूको घरहरू नष्ट भएका कारण या थप भत्किने डरले बाहिर सुत्न बाध्य छन् ।

संयुक्त राष्ट्रसङ्घको एक अनुमानअनुसार ७.७ म्याग्निच्युडको भूकम्पले ३० लाखभन्दा बढी मानिस प्रभावित भएको हुन सक्छ । यसले चार वर्षको गृहयुद्धले निम्त्याएको अघिल्लो चुनौतीहरूलाई थप जटिल बनाएको छ । संयुक्त राष्ट्रसङ्घका शीर्ष सहायता अधिकारीले शनिबार मध्य म्यान्माको मण्डाले सहरमा पीडितहरूसँग भेट गरे । मण्डाले भूकम्पको केन्द्र नजिकै अवस्थित छ र अहिले सहरभरि गम्भीर क्षति बेहोरेको छ ।

‘विनाश आश्चर्यजनक छ,’ टम फ्लेचरले एक्समा एक पोस्टमा लेखेका छन्, ‘विश्व म्यान्माका जनताको साथमा उभिनु पर्छ ।’

देशको सैन्य जुन्ता प्रमुख मिन आङ ह्लाइङ शुक्रबार बैंककमा क्षेत्रीय शिखर सम्मेलनमा एक दुर्लभ विदेश यात्राबाट फर्केपछि नयाँ मृत्यु संख्या घोषणा गरिएको थियो । बैंककमा जुन्ता प्रमुखले थाइल्यान्ड र भारतका प्रधानमन्त्रीहरू लगायत नेताहरूसँग भेट गरेका थिए । जनरलको शिखर सम्मेलनमा उपस्थितिले विवाद निम्त्याएको थियो । स्थलमा प्रदर्शनकारीहरूले उहाँलाई ‘हत्यारा’ भनेर ब्यानर प्रदर्शन गरेका थिए र जुन्ता विरोधी समूहहरूले उहाँको सहभागिताको निन्दा गरेका थिए । सन् २०२१ को विद्रोहमा आङ सान सुकीको नागरिक सरकारबाट सत्ता खोसेपछि उहाँको सशस्त्र सेनाले म्यान्मामा शासन गरेको छ । सैन्य कूले बहुपक्षीय द्वन्द्व निम्त्याएको छ र यो अझै समाधान हुन सकेको छैन ।

भूकम्पपछि जुन्ताले दर्जनौँ आक्रमण गरेको बताइएको छ । यसमा बुधबार अस्थायी युद्धविराम घोषणा भएदेखि कम्तीमा १६ वटा आक्रमण भएको संयुक्त राष्ट्रसङ्घले शुक्रबार जनाएको छ । वर्षौंको लडाइँले म्यान्माको अर्थव्यवस्था र पूर्वाधार तहसनहस पारेसँगै भूकम्पपछिको राहत प्रदान गर्न अन्तर्राष्ट्रिय प्रयासहरूलाई उल्लेखनीय रूपमा बाधा पुऱ्याएको छ । चीन, रूस र भारत उद्धार टोलीहरू म्यान्मा पठाएर बाँचेकाहरूलाई पत्ता लगाउन मद्दत गर्ने पहिलो देशहरू मध्ये थिए । संयुक्त राज्य अमेरिका परम्परागत रूपमा अन्तर्राष्ट्रिय विपद् राहतको अग्रणी रहेको छ तर राष्ट्रपति डोनाल्ड ट्रम्पले देशको मानवीय सहायता एजेन्सीलाई विघटन गर्नुभएको छ । वासिङ्टनले शुक्रबार म्यान्मालाई पहिलेको २० लाख डलरको सहायतामाथि थप ७० लाख डलर थप्ने बताएको छ । एएफपी

# एफसी चितवन शीर्षस्थानमा कायमै



**मधेशदृष्टि**
**काठमाडौँ ।**
तेस्रो नेपाल सुपर लिगतर्फ आफ्नो शतप्रतिशत नतिजालाई कायम राखेको एफसी चितवन लगातार दोस्रो जितका साथ लिगतालिकाको शीर्ष स्थानमा उक्लिएको छ ।

दशरथ रंगशालामा भएको खेलका चितवनले बुटवल लुम्बिनी फुटबल क्लबलाई १–० को झिनो अन्तरले हराउँदै लगातार दोस्रो जित दर्ता गर्‍यो ।

खेलको अन्तिमतिर इन्जुरी समयमा टोरिक जेब्रिनले गरेको एक मात्र गोल चितवनलाई तीन अंकदिलाउननिर्णायकगोलबन्यो । यो जितसँगै दुई खेलबाट ६ अंक जोडेको चितवन शिर्ष स्थानमा उक्लेको छ । ४ अंकका साथ ललितपुर सिटी दोस्रो स्थानमा छ भने १ खेलबाट ३ अंक जोडेको धनगढी तेस्रो स्थानमा छ । उता लगातार दोस्रो हार बेहोरेको बुटवल भने १ अंकका साथ छैठौं स्थानमा छ र बुटवलको प्ले अफ खेल्ने सम्भावना कठिन बनेको छ ।

# नारायणगढ–बुटवल सडकमा २९ पुल निर्माण

**नवलपरासी ।**
नारायणगढ–बुटवल सडक विस्तार योजनाअन्तरगत पूर्वी खण्डमा २९ वटा पुल निर्माण भएको छ । योजनाको पूर्वी खण्ड नवलपरासी (बर्दघाट सुस्ता पूर्व) नवलपुरमा पर्ने २९ वटा पुल निर्माणको काम सकिएको नारायणगढ–बुटवल सडक विस्तार योजनाका सूचना अधिकारी शिव खनालले जानकारी दिए । गैँडाकोटदेखि दाउन्नेसम्मको पूर्वी खण्डमा ३४ वटा पुल निर्माण गर्नुपर्नेमा अब पाँच वटा पुल मात्र निर्माणको काम बाँकी छ । यस खण्डमा २५ मिटर लम्बाइ सम्मका छोटा २२ वटा पुल र २५ मिटरभन्दा लामा १२ वटा पुल निर्माण गर्नुपर्नेमा छोटा सबै पुल निर्माणको काम सकिएको छ । लामो पुलमा जय श्री र बेल्डियाका दुई वटा पुलमा ढलानको काम बाँकी रहेको सूचना अधिकारी खनालले बताए ।

यी पुलहरू केही दिनमा ढलानको काम हुनेछन् । ढलान भएका लामा पुल केही सञ्चालनमा आएको र बाँकी रहेका पुलसमेत चाँडै सञ्चालनमा ल्याउने तयारी गरिएको उनले जानकारी दिए । दुई सय मिटरभन्दा लामा पुल गिरुवारी खोला, अरुणखोला र विनयी खोलाको पुल निर्माणको कामसमेत अघि बढिरहेको छ । ती पुलमध्ये दुम्किबासमा रहेको विनयी खोलाको पुरानो पुल भाँचिएको कारण अहिले उक्त स्थानका नयाँ पुल निर्माण गर्न लागिएको छ ।

विनयी खोलामा अहिले सवारी डाइभर्सनबाट सञ्चालनमा रहेको र पानी परे समस्या हुनसक्ने भएकाले नयाँ पुल निर्माणलाई प्राथमिकता दिइएको उनले बताए । 'दुई सय मिटर लामा तीन वटा पुलमध्ये विनयी खोलामाथि निर्माण हुन लागेको पुल निर्माणमा केन्द्रित छौँ, यस स्थानमा पुरानो पुल भाँचिएकाले नयाँ पुल चाँडै निर्माण गर्न लागेका छौँ, ढिलोमा जेठ पहिलो हप्तामा नयाँ पुलको काम सकेर सवारी चलाउने लक्ष्य छ,' सूचना अधिकारी खनालले भने ।

विनयी खोलाको चार वटा स्पानमा काम गर्न बाँकी रहेको उनको भनाइ छ । त्यसका लागि बिमहरू तयार भएकाले लगेर राख्ने र लगत्तै ढलानको तयारी गरिने सूचना अधिकारी खनालले बताए ।

उनका अनुसार यो आर्थिक वर्षमा चोरमारामा रहेको गिरुवारी खोला र अरुणखोलाको पुल बाहेक सबै पुल निर्माण सम्पन्न हुनेछन् । एसियाली विकास बैंक (एडिबी) को ऋण सहयोगमा २०७५ माघ २४ गते सम्झौता भएर नारायणगढ–बुटवल सडक विस्तारको काम चाइना स्टेट कन्स्ट्रक्सन कर्पोरेसन प्रालिले गरिरहेको छ । निर्धारित समयमा काम सम्पन्न नभएपछि २०८१ साउन ८ गते सम्मका लागि दोस्रो पटक म्याद थप भएको थियो । यस अवधिमा समेत काम सम्पन्न भएपछि गत साउनमा २०८२ साउन ८ गतेसम्मका लागि तेस्रो पटक म्याद थप गरिएको छ । यस अवधिमासमेत काम सकिने अवस्था लगभग टरेको छ । एक सय १३ किलोमिटर सडकमध्ये ७० किलोमिटर चार लेन, २९ किलोमिटरमा चार लेनसहित दुवैतर्फ छ–छ मिटरको 'सर्भिस लेन' हुनेछ । दाउन्नेमा १४ किलोमिटर तीन लेनको सडक हुनेछ । रासस

# डढेलोबाट घर जोगाउनै मुस्किल



**पाँचथर ।**
बुधबारदेखि तमोर नदीको किनार साँवासेराको जङ्गलमा डढेलो लागेपछि जङ्गल नजिकै घर भएका गाउँले समस्यामा थिए । अकस्मात डढेलो आइपुग्यो भने खर (फुस)को छानो भएका घर गोठ जोगाउने कुनै उपाय नहुने पीर गाउँलेमा थियो । सुक्खाले अत्यधिक प्रभावित यस स्थानमा वर्षा नभएको पनि छ महिना भइसकेको छ । वर्षा नहुँदा सुक्खाले पात पतिङ्गर सबै सुकिसकेका छन । त्यसमाथि हावाहुरी अत्यधिक चलिरहेको थियो ।

बुधवारदेखि सल्किएको डढेलो गाउँ आइपुग्न धेरै समय लागेन । साँवासेरामा लागेको डढेलो शुक्रबार कुम्मायक गाउँपालिका–१ यासोकको टङटङे र लेकेताम वनसम्म आइपुगेको थियो । डढेलो गाउँमा जानबाट रोक्न अग्नि रेखा निर्माण भएको थिएन । सुक्खाले प्रभावित गाउँमा आगो निभाउने गरी प्रशस्तै पानी हुने नै भएन । कुम्मायक गाउँपालिकाका कर्मचारीसमेत रहनुभएका काफ्लेपानीका कमल श्रेष्ठ शुक्रवार छिमेकी वीरबहादुर लावतीको घरको छानोमा बाल्टीभरि पानी लिएर बस्नुभएको थियो ।

घरको वरिपरी डढेलोबाट निस्केको धुँवाले ढाकिसकेको थियो । खरको छानो भएको उक्त घरमा हावाहुरीले आगोको झिल्का ल्याइपु¥याए जोगाउन नसकिने भएपछि उनले करिब दुई घण्टा पानी बोकेर छानो माथि बसे । 'आगो घरभन्दा करीव ५० मिटर मुनि जङ्गलमा आइसकेको थियो । त्यहाँ बाँसको झाँङ पनि थियो । आगो लागेपछि बाँसका पात हावामा उड्छन । आगो सल्किएका पात र झिल्को खरको छानोमा आइपुग्ला कि भनेर बाल्टीमा पानी लिएर छानोमा बसेको हुँ,' उनले भने, 'आगोको झिल्को आइपुग्ना साथ बाल्टीको पानी छ्यापेर निभाउने प्रयास गरेका हौँ ।' श्रेष्ठले छिमेकीको छानो रुघ्ने र अरु गाउँलेले घर नजिकै आइपुगेको आगो निभाउने काम गरेका थिए । उनजस्तै आगो निभाउने गएका अरु मानिस खरको छानो भएका घरको छानोमा पानी लिएर बसेका थिए । करीव १५ घरलाई यसरी छानो रुघेर जोगाइएको श्रेष्ठको भनाइ छ ।

सुक्खाले अत्यधिक प्रभावित कुम्मायक गाउँपालिका–१ यासोक, वडा नं ३ रानीगाउँ, वडा नं ४ रानीगाउँ र वडा नं ५ स्याबरुम्बाका विभिन्न वनमा डढेलो लागेको छ । वनमा लागेको डढेलो हावाहुरीका कारण क्षणभरमा नजिकै रहेका वस्तीमा पस्ने गरेको छ । सङ्घ, प्रदेश र स्थानीय सरकारले नागरिकका घरमा जस्तापाता लगाउने विभिन्न कार्यक्रम चलाएपनि अझैसम्म सबै घरमा जस्तापाता पुग्न सकेको छैन । वनमा लागेको डढेलो गाउँमा पस्दा आज मात्रै सो स्थानका घनेन्द्र दर्जी बसोबास गर्दै आएको घरको भान्साघर जलेको श्रेष्ठले जानकारी दिए ।

सोही डढेलो वस्तीमा पस्दा उक्त वडाको खाल्डेका दीर्घबहादुर खत्री, देवेन्द्र राई, यामकुमार चाम्लिङ, विष्णु राई, पहलमान कार्की, देवेन्द्र कार्की, डिकबहादुर कार्कीको घर, गोठ, अन्नपात, लत्ताकपडा, पशु चौपायासमेत जलेका छन् । कुम्मायक गाउँपालिकाकै वडा नं ३ ताम्राखु वनमा लागेको डढेलोमा परी स्थानीय २६ वर्षीया प्रतिमा सम्बाहाम्फेको विहीवार मृत्यु भएको थियो । विहीवार दिउँसो प्रतिमासँगै २८ वर्षीया सपना सम्बाहाम्फे, ११ वर्षीया शिवाना सम्बाहाम्फे र ६० वर्षीया निरमाया सम्बाहाम्फे घाँस काट्न जङ्गल गएका थिए । आगलागीबाट जोगिन भाग्ने क्रममा उनीहरुलाई आगोको लप्काले भेटेको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ । घाइते रहेका सपना, शिवाना र निरमायाको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा आजसम्म उपचार गरी थप उपचारका लागि आज कीर्तिपुर जलन अस्पताल पु¥याइएको कुम्मायक–३ का वडाध्यक्ष बावुराम कार्कीले जानकारी दिए । रासस

# विसु पर्व नजिकिएसँगै चहलपहल बढ्यो

**डडेल्धुरा ।**
विसु पर्व नजिकिएसँगै सुदूरपश्चिममा चहलपहल बढेको छ । घर लिपपोतदेखि रोजगारी, शिक्षालगायतका प्रयोजनका लागि बाहिर रहेकाहरु घर फर्कने क्रम बढेसँगै चहलपहल बढेको हो ।

विसु पर्व सुदूरपश्चिमेलीले धुमधामसँग मनाउँछन् । विसु पर्व आउनुपूर्व नै सुदूर पहाडका घर रातो माटो र कमेरो माटोले रंगिन थालेका छन् । नयाँ वर्ष आउनुभन्दा पहिले नै घर लिपपोत गरेमा वर्षभरी नै सुख, शान्ति र समृद्धि कायम हुन्छ भन्ने जनविश्वास रहेको पण्डित करुणाकर अवस्थी बताउछन ।



चैत सुरु भएदेखि नै घर लिप्ने र पोत्ने काम सुरु हुन्छ भने यो काम चैत महिनामा नै सक्नुपर्छ । पाटन नगरपालिका–१० का सीता भट्टले लगभग तीन घण्टा हिँडेर कमेरो र रातोमाटो ल्याइ घर लिपेको बताए । पछिल्लो समयमा घर निर्माणमा सिमेन्टको प्रयोग बढ्न थालेपछि कमेरो र रातोमाटोको प्रयोग पनि घट्दै गएको उनको भनाइ छ ।

चैत सुरु भएपछि घर लिपपोत गर्नका लागि धेरै टाढासम्म कमेरो र रातोमाटो लिन जाने गरेको पाटन–८ का लक्ष्मी भट्टले बताए । 'बरु बडादशैँका बेलामा खासै लिपपोत गर्दैनौँ, तर चैतमा त जसरी नी लिप्नुपर्छ । कमेरोले घरको माथिल्लो भाग र रातोमाटोले घरको तल्लो भागमा लिप्ने पोत्ने चलन छ,' भट्टले भने, 'अब यो चलन कम होला जस्तो छ, धेरैजसोले पुराना घरमा लगाएको माटो उप्काएर सिमेन्ट लगाएका छन् ।'

नयाँ वर्ष तथा विसु पर्वमा भारत गएकाहरु घर फर्किन चलन छ । उनीहरुको आगमनले गाउँमा चहलपहल पनि बढेको उनले बताए । विसु पर्वको अवसरमा बिहे गरेर गएका छोरी चेलीसमेत माइत जाने चलन पनि छ । विसु तिहारकै दिन कूलदेवताको पूजा गरी 'गतानी डुब्का' (स्थानीय खानाको परिकार) खाने चलन छ ।

विसु पर्वका अवसरमा सुदूरपश्चिमका डोटी, दार्चुला, अछाम, डडेलधुरा, बझाङ, बाजुरा, बैतडी, कैलाली र कञ्चनपुर जिल्लामा बसोबास गर्दै आएका पहाडी समुदायले सिस्नु लगाउने प्रचलन पनि छ । रासस

# चैत्र शुक्ल अष्टमीः चैते दशैँ



**काठमाडौँ ।**
प्रत्येक वर्ष चैत्र शुक्ल अष्टमीका दिन मनाइने चैते दशैँ पर्व शनिबार नेपालीले घर घरमा नव दुर्गा भगवतीको पूजा आराधना गरी मनाएका छन् । वर्षमा चार नवरात्र पर्छन् । असार र पुस शुक्ल पक्षमा पर्ने नवरात्र धेरै प्रचलनमा छैन । केही साधकले भने आषाढ र पौष शुक्ल पक्षको नवरात्रमा पनि शक्ति स्वरूपा देवीको आराधना गर्छन् ।

आश्विन शुक्ल पक्षको नवरात्रमा प्रतिपदाका दिनदेखि नै घटस्थापना गरेर जमरा राखिन्छ । यसैले आश्विन शुक्ल पक्षको दसैँलाई बडादशैँ भनिन्छ । बडादशैँमा दशमी तिथिका दिन मान्यजनबाट टीका र जमरा लगाउने गरिन्छ । यो क्रम आश्विन शुक्ल पूर्णिमासम्म चल्छ । चैते दशैँमा भने त्यो परम्परा धेरै परिवारमा छैन । हनुमानढोकाको दशैँघरमा भने घटस्थापना गरेर विधिवत् पूजा आराधनाका साथ अष्टमीका दिन बलि दिने चलन पनि छ । चैते दशैँमा अष्टमी र नवमीलाई विशेष रूपमा मनाउने गरिन्छ । अष्टमीको दिनलाई चैते दशैँ र नवमीलाई त्रेता युगमा अयोध्याका राजा दशरथ र रानी कौशल्यावतीको ज्येष्ठ सुपुत्रका रूपमा श्रीरामको जन्म भएकाले रामनवमीका रूपमा मनाउने गरिएको हो ।

बडादशैँ जस्तै चैते दशैँको पूजा उपासनाका मुख्य उद्देश्य पनि यो लोकमा सुख शान्ति र परलोकमा सद्गतिका लागि आशीर्वादन लिनु हो । बडादसैँमा जस्तै चैते दसैँमा पनि परिवारका सदस्यबीच जमघट हुने गर्छ । उपत्यकाका गुह्येश्वरी, जगवागेश्वरी, मैतीदेवी, नक्साल भगवती, भद्रकाली, शोभा भगवती, कालिकास्थान, बज्रयोगिनी, इन्द्रायणी, बिजेश्वरी, सुन्दरीमाई, चामुण्डादेवीलगायत पीठमा चैते दशैँका अवसरमा विशेष पूजा हुन्छ ।

यसैगरी उपत्यका बाहिरका पलाञ्चोक भगवती, चण्डेश्वरी, नाला भगवती, पाल्चोक भगवती, शैलेश्वरी, वागेश्वरी, गहवामाई, मनकामना, कालिकादेवी लगायत शक्तिपीठमा पनि चैत्र नवरात्रका अवसरमा विशेष पूजा गरिन्छ । चैत्र नवरात्रसमेत भनिने यस पर्वका अवसरमा शक्तिपीठमा गई पूजा आराधना एवम् दर्शन गरेमा शक्ति प्राप्त हुने, मनोकामना पूरा हुने धार्मिक विश्वास छ ।

चैत्र शुक्ल प्रतिपदादेखि नै दशैँ घरमा विशेष पूजा र दुर्गा सप्तशती (चण्डी) पाठ भइरहेको छ । विसं २०६३ सम्म नारायणहिटी राजदरबार अन्तर्गत रहेको दसैँघर त्यसपछि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मातहत छ ।

## बागलुङ कालिकामा भक्तजनको भिड



**ढोरपाटन ।**
शनिबार चैत शुक्ल अष्टमी अर्थात् चैते दशैँ । बागलुङ कालिका मन्दिरमा बिहानैदेखि भक्तजनको घुइँचो लागेको छ । बागलुङ तथा जिल्ला बाहिरबाट आउने भक्तजनका लागि विहानै ४ बजेदेखि मन्दिर खुला गरेपछि भक्तजनको घुइँचो लागेको हो ।

बागलुङमा चैतेदशैँलाई भव्य रूपमा बनाउने गरिन्छ । चैते दशैँका अवसरमा भारतीय पर्यटकको पनि उल्लेख्य उपस्थिति छ । चैते दशैँलाई बागलुङको पहिचानका रुपमा समेत लिइन्छ । भक्तजनको घुइँचो बढेपछि बागलुङ भगवती गुठी व्यवस्थापन समितिले सुरक्षाकर्मी परिचालन गरेर पूजाआजा गर्ने व्यवस्था मिलाएको बागलुङ कालिका मन्दिर व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले जानकारी दिए । गण्डकी प्रदेशकै प्रसिद्ध शक्तिपिठ मानिने कालिका मन्दिरमा पूजाआराधना गरेमा मनोकाक्षा पूरा हुने जनविश्वास छ ।

मन्दिरमा बोका, राँगा, कुखुरालगायतको बलि चढाइनाका साथै शान्तिको प्रतीक परेवा उडाउने गरिन्छ । चैतेदशैँका अवसरमा लाग्ने तीनसय वर्ष पुरानो मेला पनि चैत २० गतेदेखि शुरु भएको छ ।

मेला २५ गतेसम्म सञ्चालन हुने अध्यक्ष खड्काले बताए । मेलाको अवसरमा लोकदोहोरी गीत प्रतियोगिता, कालिका कप पुरुष तथा महिला भलिबल प्रतियोगिता, खुला छेलो फाल्ने प्रतियोगिता आयोजना गरिएको छ । पर्यटन प्रवद्र्धन, संस्कृतिको संरक्षण, स्थानीय उत्पादनको प्रचारप्रसार र परम्पराको निरन्तरता दिने उद्देश्यले मेला आयोजना गरिएको अध्यक्ष खड्काको भनाइ छ । रासस

# शैक्षिक सत्र अगावै पाठ्यपुस्तक आइपुग्यो



**तनहुँ ।**
तनहुँमा शैक्षिक सत्र अगावै पाठ्यपुस्तक आइपुगेको छ । शैक्षिक सत्र २०८२ शुरु हुनुपूर्व नै जिल्लामा सबै पाठ्यपुस्तक आएको हो । सामुदायिक विद्यालयका एक सय प्रतिशत र निजी विद्यालयका ९५ प्रतिशत पुस्तक जिल्लामा आइसकेको पुस्तक व्यवसायी महासङ्घका केन्द्रीय कोषाध्यक्ष ताराराम श्रेष्ठले जानकारी दिए । उनले भने, 'निजी विद्यालयका केही पुस्तक मात्रै आउन बाँकी छन् । अरु सबै आइसक्यो ।'

जनक शिक्षा सामग्रीमार्फत् सबै पुस्तक जिल्लामा आइपुगेको उहाँले जानकारी दिए । विगतका वर्ष जस्तै यस वर्ष पनि शैक्षिक सत्र अगावै जिल्लामा पाठ्यपुस्तक आएको उनको भनाइ छ । जिल्लाभर ६० पुस्तक व्यवसायी छन् । सबै व्यवसायीले केही दिनमै पाठ्यपुस्तक बिक्री वितरण थाल्ने उनले बताए । जिल्लामा समयमै पाठ्यपुस्तक आएकाले विगतका वर्षमा जस्तो समस्या नहुने शिक्षा विकास तथा समन्वय इकाइ तनहुँका प्रमुख उद्धवराज कट्टेलको भनाइ छ । इकाइका अनुसार तनहुँमा पाँच सय ५१ सामुदायिक र एक सय १९ निजी विद्यालय छन् ।

आँबुखैरेनी गाउँपालिका–४ भाँगेस्थित छिम्केश्वरी माध्यमिक विद्यालयका प्रधानाध्यापक राजेन्द्र न्यौपानेले विद्यालयमै पाठ्यपुस्तक आइपुग्ने जानकारी दिए ।

भर्ना अभियानसँगै विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गरिने उनले बताए । उनले भने, 'वैशाख २ गतेदेखि कक्षा सञ्चालन हुँदैछ । भोलिदेखि नै विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गरिनेछ ।'

आँबुखैरेनी गाउँपालिका–६ छिम्केश्वरीस्थित कन्यादेवी माध्यमिक विद्यालयका प्रधानाध्यापक सूर्यमानसिंह गुरुङले समयमै पाठ्यपुस्तक आएकाले सहज भएको बताए । रासस

# त्रिपाठीको नेतृत्वमा मोबाइल वितरक संघको समिति

**मधेशदृष्टि**
**वीरगंज ।**
मोबाइल व्यवसायीको छाता संस्था नेपाल मोबाइल वितरक संघको तेस्रो महाधिवेशनबाट रघु त्रिपाठी अध्यक्षमा निर्विरोध निर्वाचित भएका छन् । भक्तपुरको नगरकोटस्थित रत्नागिरी होटलमा सम्पन्न महाधिवेशनले त्रिपाठीको नेतृत्वमा १५ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।
कार्यसमितिमा वरिष्ठ उपाध्यक्ष हरि केसी, उपाध्यक्ष राम नारायण दास, महासचिव बाल नरसिंह कुँवर, सचिव नवीन बाँस्तोला, कोषाध्यक्ष रामचन्द्र श्रेष्ठ तथा सहकोषाध्यक्ष विनोद केसी चयन भएका छन् ।
त्यसैगरी, कार्यसमितिका सदस्यमा दिपेन्द्र चौलागाईं, विजय चौधरी, निकित अग्रवाल, श्रीशान्त थापा, दीपक कोइराला, चित्र बस्नेत तथा



निशान्त कुमार अग्रवाल निर्विरोध निर्वाचित भएका छन् ।
अध्यक्ष त्रिपाठीले संघलाई थप जुझारु, सशक्त र सुसंगठित बनाउँदै मोबाइल व्यवसायमा देखिएको अव्यवस्था, अनियमितता र अवैध कारोबारलाई निरुत्साहित गर्न सम्पूर्ण व्यवसायीलाई एकीकृत रूपमा अघि बढ्न आह्वान गरे । उनले भने, 'मोबाइल फोन आयातकर्ता संघ तथा मोबाइल व्यवसायी महासंघसँग सहकार्य गरेर व्यवसायको न्यायोचित रक्षा, लगानीको सुरक्षा र स्थायीत्वका लागि संघ क्रियाशील रहनेछ ।'
उनका अनुसार, करिब ९ वर्षअघि स्थापित संघ व्यवसायीको लगानी सुरक्षित राख्न र व्यवसायिक हकहितको संरक्षण गर्न क्रियाशील रहँदै आएको छ ।
बैंकबाट ऋण लिएर सञ्चालन भइरहेका मोबाइल व्यवसाय न्यून प्रतिफलका कारण धराशायी हुने अवस्थामा पुगेको र नयाँ व्यवसायीको सहभागिता घट्दो क्रममा रहेको उल्लेख गर्दै त्रिपाठीले थप सुधारका लागि सबै व्यवसायीको एकता अपरिहार्य भएको बताए ।

# रामललाको सूर्य अभिषेकको तयारी




**मधेशदृष्टि**
**अयोध्या ।**
श्रीराम जन्मभूमि तीर्थ क्षेत्रले रामनवमीमा आयोजना हुने कार्यक्रमको तयारी पूरा भएको जानकारी दिएको छ । तीर्थक्षेत्रका महासचिव चम्पत रायले भगवान् श्रीरामको निधारमा सूर्य अभिषेकको पूर्ण तयारी भइरहेको बताए । यसकार्यमा सम्बन्धित विषय विज्ञको टोली कुशलतापूर्वक संलग्न रहेको बताइएको छ । उनले सूर्य अभिषेकलाई विश्वभर प्रसारण गरिने बताए ।
उनले वर्ष प्रतिपदाको महत्वबारे जानकारी दिँदै अन्य राज्यमा विभिन्न नामले हिन्दू नयाँ वर्ष मनाइँदै आएको जानकारी गराए ।
साथै, अंगद किलामा चलिरहेको कथामा एक लाख मन्त्र अर्पण, श्री राम चरित मानस र वाल्मिकी रामायणको पाठ र राम मन्दिरमा आयोजित अभिषेक समावेश छ । अयोध्यामा रामनवमीको भव्य तयारी भएको छ । दश लाख श्रद्धालु अयोध्या पुग्ने अनुमान छ । सुरक्षा व्यवस्था कडा पारिएको छ ।

# ११ केजी चरेशसहित युवा पक्राउ



**मधेशदृष्टि**
**बारा ।**
जीतपुर सिमरा उपमहानगरपालिका वडा नम्बर २१ स्थित इलाकामा प्रहरीले ११ दशमलव ६८ केजी लागू औषध चरेशसहित एक जनालाई पक्राउ गरेको छ । विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय अमलेखगञ्जबाट प्रहरी नायब निरीक्षक टेक बहादुर कार्कीको कमान्डमा खटिएको टोलीले हेटौँडाबाट वीरगंज आइरहेको बा४८प ९३३ नम्बरको पल्सर मोटरसाइकललाई पछ्याउँदै रोकेर चेकजाँच गरेको थियो । चेकजाँचक्रममा मोटरसाइकलको सिटमुनि लुकाइछिपाई राखिएको चरेशजस्तो देखिने पदार्थको पोका फेला परेको प्रहरीले जनाएको छ ।
सरकारले मान्यता दिएको डिजिटल तराजुमा प्लास्टिकसहित तौल गर्दा कुल ११ दशमलव ६८ केजी भएको पुष्टि भएको छ । यससँगै प्रहरीले लागूऔषध चरेश, प्रयोग गरिएको मोटरसाइकल, र यो कार्यमा संलग्न मकवानपुर, थाहा नगरपालिका वडा नम्बर ६ बज्रबाराहीका ३८ वर्षीय दशरथ थिङलाई नियन्त्रणमा लिई आवश्यक कानूनी कारबाहीको प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय बाराले जानकारी गराएको छ ।

# आन्दोलनको उपलब्धि नेतालाई मात्र

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा आयोजित मधेश साहित्य महोत्सवमा मधेश आन्दोलन र त्यसका उपलब्धि बारे चर्चा भएको छ । दुईदिने महोत्सवको अन्तिम दिन शनिबार आयोजित 'समथर मधेश संघर्षका नागबेली' छलफलमा यस विषयमा चर्चा गरिएको हो । छलफलमा सहभागी वक्ताहरुले मधेशमा तीनपटक भएको मधेश आन्दोलनले मधेशीलाई पहिचान र सम्मान दिलाउन केही हदसम्म सफल भए पनि आन्दोलनबाट प्राप्त अन्य उपलब्धिको लाभ मधेशी दल नेताहरुले मात्र लिइरहेको बताए । मधेश राजनीतिकका विश्लेषक एवम् लेखक तुलानारायण साहले मधेश आन्दोलनबाट प्राप्त उपलब्धिको बाँडफाँड वा लाभ लिने सन्दर्भमा मधेशी जनता ठगिएको बताए । उत्कर्ष नेपालले गरेको मधेश साहित्य महोत्सवअन्तर्गत शनिबार भएको छलफलको सहजिकरण माधुरी महतोले गरेकी थिइन् ।

# छिमेकीको कुटाईबाट मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
स्थानीय केही व्यक्तिको कुटाईबाट घाइते भएका परोहा नगरपालिका वडा नम्बर २ का ६५ वर्षीय शेख मतिनको शनिबार उपचार गर्न काठमाडौँ लैजाने क्रममा बाटोमै मृत्यु भएको छ । गाउँटोलमा मोटरसाइकल तेज गतिमा किन कुदाएको भन्ने बिषयमा बिहीबार भएको दुई पक्षबीचको झडपमा मतिनसहित तीन जना घाइते भएका थिए ।
घटनामा संलग्नहरु फरार भइसकेकाले प्रहरीले खोजतलास गरिरहेको प्रहरी उपरीक्षक दीलिप घिमिरेले बताए ।
गाउँटोलमा मोटरसाइकल तेज गतिमा किन कुदाएको भन्ने बिषयमा बिहीबार भएको झडपमा वडा नम्बर १ का फजले हक, मोहम्मद जाबिर, शेख सकिल, मासुम, शेख नथुनी र रोज मोहम्मदसमेतको कुटाइबाट मतिनसहित तीन जना गम्भीर घाइते भएका थिए ।



उपचारमा संलग्न चिकित्सकको सल्लाहमा मतिनलाई थप उपचारका लागि काठमाडौँ लैजानेक्रममा बाटोमै मृत्यु भएको हो ।
घटनामा मृतकको छोरा मोजरे आलम र श्रीमती जुबैदा खातुन पनि घाइते भएका छन् । उनीहरुको उपचार चन्द्रनिगाहपुरमा भइरहेको छ ।

# लहानमा सुत्केरी तथा गर्भवती पोषण कार्यक्रम

**सिरहा ।**
लहान नगरपालिका–१७ की गर्भवती अस्मिता सिंहले शुक्रबार नगरपालिकाले वितरण गरेको पोष्टिक आहारसहितको पोषण सामग्री पाएपछि खुसीले दङ्ग भइन् । सामग्रीले पोषणका लागि राहत सहयोग पुऱ्याउने उनले विश्वास व्यक्त गरिन् ।
'हामीसँग आवश्यक सन्तुलित खानेकुरा सबै हुँदैन । नियमित आयश्रोत नहुँदा आर्थिक समस्या हुने नै भयो । परिवारमा बिहान बेलुकाको छाक कसरी टार्ने भन्ने समस्या एकातिर छ भने अर्कातिर शिशुलाई कसरी स्वस्थ जन्माउने भन्ने पिर अर्कोतिर छ,' उनले भनिन्, 'नगरपालिकाले खाद्यान्नसहित वितरण गरेको पोष्टिक आहाराले हामीजस्तो निमुखालाई ठूलो सहयोग पुगेको छ ।'
अस्मिताजस्तै वडाका ३४ जना गर्भवती तथा १८ जना सुत्केरीले शुक्रबार पोष्टिक आहारसहितको पोषण सामग्री पाएका छन् । ती समाग्रीमा चामल, दाल, नुन, तेल, चना, मटर, सोयाविनलगायत खाद्यान्न सामग्री रहेको नगरपालिकाका स्वास्थ्य शाखा अधिकृत विन्देश्वर चौधरीले जानकारी दिए । उनका अनुसार विगत तीन वर्षदेखि नगरपालिकाका २४ वटै वडाका सुत्केरी तथा गर्भवतीलाई 'रोटेसन'का आधारमा प्रत्यक महिनाको २२ गतेका दिन वितरण गरिन्छ ।
नगरपालिकाले स्वास्थ्य संस्थामा नियमित जाँच गर्ने सुत्केरी तथा गर्भवतीलाई पोषण प्याकेज वितरण गर्ने नीतिका कारण सुविधा पाएसँगै अहिले उनीहरु स्वास्थ संस्थामा नियमित जाँग गर्नथालेको अधिकृत चौधरीले जानकारी दिनुभयो । उहाँका अनुसार यस कार्यक्रममार्फत हालसम्म चार हजारभन्दा बढी सुत्केरी तथा गर्भवतीले सुविधा पाइसकेका छन् ।
स्थानीय तहको निर्वाचनअघि जनतासँग गरेको प्रतिबद्धताअनुसार आफू नगरप्रमुख पदमा निर्वाचित भएदेखि भविष्यमा जन्मिने शिशु स्वास्थ होस भन्ने चाहनाले सुत्केरी तथा गर्भवतीलाई पोषण कार्यक्रम सुरु गरेको नगरप्रमुख महेशप्रसाद चौधरीले बताए । उनले भने, 'सुत्केरी अवस्थामा अतिविपन्न परिवारका सुत्केरी महिलाले पोसिलो खाने कुरा खान नपाउँदा बच्चामा कुपोषण हुने तथा आमाको स्वास्थ्यसमेतमा समस्या हुन्छ । त्यसैलाई रोक्नका लागि थोरै भए पनि सहयोग गरौँ भन्ने उद्देश्यले यो कार्यक्रम शुरु गरका हौँ, अहिले यो अत्यन्त प्रभावकारी भइरहेको छ ।'
नगरपालिकाभित्र विपन्न तथा दलितको जनसङ्ख्या उल्लेख्य भएकाले यहाँका सुत्केरी तथा गर्भवतीको पोषणको अवस्था सुधारका लागि आगामी दिनमा पनि पोषण 'प्याकेज'को यस कार्यक्रमलाई निरन्तरता दिईने नगरप्रमुख चौधरीको भनाइ छ ।

# सुडी महासंघ नेपालको तेस्रो साधारण सभा



**मिश्री लाल मधुकर**
**जनकपुरधाम ।**
सुडी समाज महासंघ नेपालको तेस्रो महासभा जनकपुरधामको धर्मसंस्था सभाकक्षमा परमेश्वर महासेठको अध्यक्षतामा भएको छ ।
साधारण सभामा प्रमुख अतिथि राष्ट्रिय प्रजातन्त्र पार्टीका संसदीय दलकी नेता तथा विधायक कञ्चन विच्छा थिइन् । उनले आपसी भेदभाव र राजनीतिभन्दा माथि उठेर समाजको विकासका लागि काम गर्नुपर्ने बताइन् । समाजमा रहेको दाइजो प्रथा, अन्धविश्वास र अशिक्षा हटाउन जनचेतना जगाउनुपर्ने बताइन् ।
अध्यक्ष महासेठले नेपालमा सुडी जातको गौरवशाली इतिहास रहेको बताए । मधेशमा शिक्षा, स्वास्थ्य, धर्मशाला, सराय र खानेपानीका लागि धेरै ठाउँमा ताल र पोखरी निर्माणमा सुडी समाजको भूमिका रहेको उनले उल्लेख गरे । रामसागर रामस्वरूप साहको कीर्ति नेपालमा सदैव स्मरणीय रहने उनले बताए । उनले सुड़ीसँगै तेली, कलवार, कानु, रौनियार, वैश्य उपजातिसँग पनि समन्वय कायम गरिनु पर्ने बताए ।
सबैले मिलेर राजनीति र समाजमा उच्च स्थान हासिल गर्न सकिने उनको तर्क थियो । महासेठले सरकारी प्रज्ञा प्रतिष्ठानमा जातको इतिहास लेखेर सुडी र अन्य वैश्य जातिको गौरवबारे लेख्न पनि आग्रह गरे ।
साधारण सभामा संविधानसभा सदस्य शैलकुमारी महतो, पूर्वमन्त्री सुरिता साह, विधायक अनिता साह, जनकपुरधामका मेयर मनोजकुमार साह, लोसपा नेता, पूर्व विधायक परमेश्वर साह, जनकपुरधाम उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष जितेन्द्र महासेठ, ई.प्रकाश चन्द्र साह, रमाशंकर महासेठ, राम उदार महासेठ, मनोज कुमार महतो, सामाजिक अभियन्ता दिनेश पूर्वे लगायतका व्यक्तित्व सहभागी थिए ।

# ग्यास बिक्रेतालाई लक्षित गरी जनचेतनामूलक तालिम

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
बढ्दो गर्मी, ग्यास लिक तथा अन्य प्राविधिक कारणले आगलागीको जोखिम दिन प्रतिदिन बढिरहेका बेला ग्यास बिक्रेताहरूलाई लक्षित गरी धनुषामा विशेष जनचेतनामूलक तालिम आयोजना गरिएको छ । शनिबार नेपाल आयल निगम लिमिटेडको प्रायोजन तथा ग्यास बिक्रेता महासंघको आयोजनामा सम्पन्न तालिममा ग्यास सिलिन्डरमा आगो लागे कसरी सुरक्षित तरिकाले निभाउने भन्ने विषयमा विस्तृत जानकारी दिइएको थियो ।
तालिममा नेपाल आयल निगमसँग आबद्ध आगो नियन्त्रण विशेषज्ञहरूले ग्यास लिक, सिलिन्डर विस्फोट, पाइप चुहावट लगायत सम्भावित दुर्घटनाबारे जानकारी दिँदै यस्ता खतराको सामना कसरी गर्ने भन्ने विषयमा व्यवहारिक तालिमसमेत प्रदान गरे । कार्यक्रमका प्रमुख अतिथि जनकपुरधाम उपमहानगरपालिकाका मेयर



मनोज साहले गर्मीयाममा आगलागीको जोखिम विशेष गरी ग्यास प्रयोगसँग जोडिएका घटनामा धेरै हुने भएकाले यस्ता तालिमलाई अत्यन्तै महत्वपूर्ण बताए । 'ग्यास मात्र होइन, विद्युत, इन्धन वा अन्य कारणले हुन सक्ने आगलागीप्रति पनि आम नागरिक र व्यवसायी सतर्क हुन जरुरी छ,' मेयर साहले भने ।
कार्यक्रममा जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले संघको तर्फबाट शुरुदेखि नै ग्यास बिक्रेताहरूलाई आवश्यक सहयोग प्रदान गरिएको बताउँदै भविष्यमा यस्ता जनहितका कार्यक्रमलाई अझ विस्तार गर्न प्रतिबद्धता जनाए । 'व्यवसायीहरू सुरक्षित भए मात्रै उपभोक्ताको सुरक्षाको ग्यारेन्टी गर्न सकिन्छ,' उनले जोड दिए ।
ग्यास बिक्रेता महासंघ धनुषाका अध्यक्ष फुलदेव पण्डितले तालिमको पहिलो चरण विक्रेतामै केन्द्रित गरिएको जानकारी दिँदै भने, 'अब हामी दोस्रो चरणमा उपभोक्तालाई लक्षित गरेर समूहगत तालिम सञ्चालन गर्नेछौं । घरघरमा ग्यास प्रयोग भइरहेका बेला सही प्रयोग र जोखिम व्यवस्थापनबारे जानकारी दिनु हाम्रो दायित्व हो ।' उनका अनुसार ग्याससम्बन्धी सामान्य त्रुटिले समेत ठूला दुर्घटनाको रूप लिन सक्छ । यसको न्यूनीकरणका लागि व्यापक जनचेतना अभियान आवश्यक छ ।
ग्यास बिक्रेता महासंघका केन्द्रीय अध्यक्ष ज्ञानेश्वर अर्यालले गर्मी बढ्दै जाँदा ग्यास सिलिण्डरमा लिक हुने सम्भावना बढी हुने भन्दै आगो निभाउने संयन्त्र, सुरक्षा उपकरणको तयारी र सतर्कता अपनाउनुपर्ने आवश्यकतामाथि जोड दिए । 'ग्यास पाइप फुट्ने, रेगुलेटर कमजोर हुने वा सानो लिक समेत दुर्घटनाको कारण बन्न सक्छ । यस्तो जोखिमबाट जोगिन हामी सबै सतर्क हुनुपर्छ,' उनले भने । कार्यक्रममा धनुषा जिल्लाभरिका ग्यास विक्रेताहरू, मधेश प्रदेशका पदाधिकारीहरू, सशस्त्र प्रहरी बल तथा अन्य सरोकारवाला निकायहरूको उपस्थिति थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन